(सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०७६ साल माघ देखि २०७७ साल आषाढ सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वत: प्रकाशन)


नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौ

फोन: ०१-४२००३०६ इमेल: info@mofaga.gov.np



२०७७ श्रावण

२०७६ साल माघ देखि २०७७ साल आषाढ सम्म सम्पादित प्रमुख क्रियाकलापहरु
(स्वतः प्रकाशन)

---

**प्रकाशक:** नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय तह क्षमता विकास महाशाखा
सूचना तथा प्रविधि शाखा

**फोन नं.:** ०१-४२००३०६

**वेवसाइट:** www.mofaga.gov.np

**इमेल:** info@mofaga.gov.np

**प्रकाशन:** २०७७ श्रावण

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# बिषयसूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | मन्त्रालयको स्वरुप र प्रकृति | १ |
| २. | मन्त्रालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. | मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण | ३ |
| ४. | मन्त्रालयबाट प्रदान गरिने सेवा | २१ |
| ५. | मन्त्रालयका महांशाखा, शाखा र जिम्मेवार अधिकारी | २१ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | २३ |
| ७. | निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | २३ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | २३ |
| ९. | सम्पादन गरेका मुख्य मुख्य कामको विवरण | २३ |
| १०. | सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद | ३९ |
| ११. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | ३९ |
| १२. | मन्त्रालयको वेभसाईट | ४२ |
| १३. | मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण | ४२ |
| १४. | मन्त्रालयका निकायमा परेको सूचना माग सम्बन्धी निवेदन | ४२ |
| १५. | मन्त्रालयले गरेको सूचना सम्बन्धी थप कामहरु | ४२ |
| १६. | मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन | ४३ |
| १७. | मन्त्रालयले बर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण | ४३ |

## १. मन्त्रालयको स्वरुप र प्रकृति

नेपाल सरकार (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०७४ को अनुसुची- १ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थापना भएको हो। नेपालको संविधान, २०७२ जारी भएपछि सङ्घीयताको कार्यान्वयन शुरु भएको तथा संघीयताको कार्यान्वयन सँगै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिका बढेको छ । मुख्यतया संघ, प्रदेश र स्थानीय तहमा कर्मचारीको व्यवस्थापन, विकास, निर्माण, सुशासन, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने जस्ता विषयमा यस मन्त्रालयको भूमिका केन्द्रित रहेको छ।

नेपालको संविधान, २०७२ को धारा २९५ को उपधारा ३ बमोजिम गठन भएका गाउँपालिका, नगरपालिका मिति २०७३।११।२७ देखि लागू हुने गरी ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका २७६ वटा नगरपालिका, ४६० वटा गाउँपालिका गरी ७५३ वटा गाउँपालिका र नगरपालिका कायम भएको छ । जनताको अधिकार जनताकै घरदैलोमा पुगेको छ । यस मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विभाग, निजामती अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, निजामती किताबखाना, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान गरी ५ वटा विभागिय कार्यालयका अतिरिक्त ७७ वटा जिल्ला समन्वय समिति क्रियाशील रहेका छन् ।
मन्त्रालयको कार्यसञ्चालनका लागि नेपालको संविधान, २०७२ अनुरुप राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व समेतलाई आत्मसात गरी कार्य गर्दै आएको छ ।

**स्थानीय तहको विवरण**

| | |
|---|---|
| जिसस | ७७ |
| गाउंपालिका | ४६० |
| नगरपालिका | २७६ |
| उपमहानगरपालिका | ११ |
| महानगरपालिका | ६ |
| म.न.पा. वडा | १७४ |
| उ.म.न.पा वडा | २३४ |
| न.पा वडा | ३११९ |
| गा.पा. वडा | ३२१६ |
| जम्मा वडा संख्या | ६७४३ |

स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा समय-समयमा जारी भएका स्थानीय तह सम्बन्धी विभिन्न क्षेत्रगत कार्यविधि तथा निर्देशिकाले मार्ग निर्देशन गर्दैआएको छ ।

नवगठित स्थानीय तहहरुबाट हुने सेवा प्रवाहमा प्रभावकारिता, गुणस्तरीयता तथा एकरुपता होस् भन्ने हेतु सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु जारी गरिएको छ ।

## २. मन्त्रालयको काम कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०७४ को अनुसुची- २ को देहाय १८ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छ।

- सङ्घ र स्थानीय तह तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय
- स्थानीय तहको सङ्ख्या, सीमाना, वडा र केन्द्र निर्धारणसम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजीकरण
- विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सीमाङ्कन र संरचनासम्बन्धी नीति, कानून र मापदण्ड
- राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग थारु आयोग र मुस्लिम आयोग,
- स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड, प्रविधि विकास र अनुसन्धान,
- पञ्जीकरण र सामाजिक सुरक्षा भत्ता वितरणको अभिलेखिकरण,
- फोहोरमैला व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड, समन्वय र सहजीकरण,
- स्थानीय तहका पदाधिकारी र कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून, मापदण्ड,
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका निवृत्तिभरण लगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, मापदण्ड र व्यवस्थापन,
- संघीय कर्मचारी निकायसम्बन्धी कार्य,
- सार्वजनिक सेवा प्रवाहसम्बन्धी नीति, कानून र मापदण्ड,
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी नीति, कार्यान्वयन र समन्वय,
- प्रशासनिक सुधार सम्बन्धी नीति, योजना, समायोजन र समन्वय,
- संघीय निजामती सेव र अन्य सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सेवा, समूह र उपसमूहको व्यवस्थापन,
- संघीय निजामती सेवा र अन्य संघीय सरकारी सेवाहरुको व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहमा समायोजन र अन्तरप्रदेश कर्मचारी समन्वय एवं व्यस्थापन,
- कर्मचारी कल्याण सम्बन्धी नीति, कानून र मापदण्ड,
- संघ, प्रदेश र स्थानीय तहमा रहने पदहरुको दरवन्दी सिर्जना सम्बन्धी नीति र मापदण्ड,
- वढुवा समितिको सचिवालय,
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका पदाधिकारीहरुको सेवा ,शर्त र सुविधा,

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं


- संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी नीति, कानून र मापदण्ड
- स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाको तालिम सम्बन्धी नीति, कानून, मापदण्ड, अध्ययन, अनुसन्धान र विकास
- सार्वजनिक पदाधिकारीहरुको क्षमता विकास सम्बन्धी नीति र मापदण्ड
- प्रशासकीय अभिलेख र तथ्यांक
- निजामती अस्पताल, कर्मचारी प्रशिक्षण प्रतिष्ठान र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,
- मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थासंग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको संचालन र नियमन, राष्ट्र सेवक कर्मचारी सम्बद्ध संघ संस्था
- नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र नेपाल विविध सेवाको संचालन
- नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको जनरल उपसमूहको सञ्चालन

## ३. मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण

(क) संगठन संरचना

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संगठन संरचना

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं



(ख) कर्मचारी संख्या

| क.स. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | कूल दरबन्दी |
|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | | १ |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | | | ६ |
| ३ | उपसचिव | रा.प.व्दितीय | प्रशासन | सा.प्रशासन | | २० |
| ४ | उपसचिव | रा.प.व्दितीय | प्रशासन | लेखा | | १ |
| ५ | उपसचिव | रा.प.व्दितीय | न्याय | कानून | | १ |
| ६ | प्रमुख पुस्तकालय अधिकृत | रा.प.व्दितीय | शिक्षा | पुस्तकालय | | १ |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | | ४६ |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | २ |
| ९ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | | १ |
| १० | कम्प्युटर ईन्जिनीयर | रा.प.तृतीय | विविध | | | १ |
| ११ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | | १ |
| १२ | नायव सुव्वा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्रशासन | | ३० |
| १३ | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | | २ |
| १४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. | विविध | | | १० |
| १५ | पुस्तकालय सहायक | रा.प.अं.प्र. | शिक्षा | पुस्तकालय | | १ |
| १६ | खरिदार | रा.प.अनं.व्दि. | प्रशासन | सा.प्रशासन | | ६ |
| १७ | टाइपिष्ट | वेग अनुसार | प्रशासन | सा.प्रशासन | | ४ |
| १८ | हलुका सवारी चालक | श्रेणी विहीन | | | | १२ |
| १९ | कार्यालय सहयोगी | श्रेणी विहीन | | | | २६ |
| जम्मा | | | | | | १७२ |

(ग) कार्य विवरण

## १. सङ्घीय मामिला महाशाखा

१. संघीयता कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण सम्बन्धी कार्य,
२. संघीय शासन व्यवस्था सम्बन्धी अध्ययन, अनुसन्धान तथा असल अभ्यासहरुको आदान प्रदान सम्बन्धी कार्य,
३. संघ र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वयसम्बन्धी कार्य,
४. गाउँपालिका तथा नगरपालिकाको संख्या, सीमाना, वडा र केन्द्र निर्धारण तथा हेरफेर र नामाकरण सम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजिकरण सम्बन्धी कार्य,

५. विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या, सीमाना र संरचना सम्बन्धी नीति, कानून तथा मापदण्ड सम्बन्धी कार्य,

६. पञ्जिकरण र व्यक्तिगत घटना दर्ता सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्बन्धी कार्य,

७. स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड निर्धारण सम्बन्धी कार्य,

८. संविधान तथा संघीय कानून बमोजिम स्थानीय तहलाई आवश्यक निर्देशन दिने सम्बन्धी कार्य,

९. प्रदेश र स्थानीय तहबीचको विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,

१०. प्रदेश, स्थानीय तह र विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,

११. प्रदेश र स्थानीय तह सम्बन्धी संघीय कानून तथा स्थानीय तहको नमूना कानून, मापदण्ड र ढाँचा उपलव्ध गराउने सम्बन्धी कार्य,

१२. स्थानीय तह सम्बन्धी अभिलेख व्यवस्थापन कार्य,

१३. स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय सम्बन्धी कार्य,

१४.सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी नीति,कानून,योजना तथा कार्यक्रममा समन्वय र अभिलेखिकरण सम्बन्धी कार्य,

१५. स्थानीय तहमा सामाजिक परिचालन समन्वय सम्बन्धी कार्य,

१६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्धित केन्द्रीय परियोजना सल्लाहकार समिति (CPAC) सम्बन्धी कार्य।

१७.राष्ट्रिय तथा स्थानीय गैर सरकारी संस्था सँग सम्बन्धित नीतिगत समन्वय सम्बन्धी विषय,

१८.संघीयता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरुको संकलन र प्रचारप्रसार सम्बन्धी कार्य,

१९. संघीय मामिला अध्ययन स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य,

२०.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः

-निर्वाचन आयोग
-राष्ट्रिय दलित आयोग,
-राष्ट्रिय समावेशी आयोग,
-आदिवासी जनजाती आयोग,
-राष्ट्रिय महिला आयोग
-मधेशी आयोग,
-थारु आयोग
-मुस्लिम आयोग
-केन्द्रीय पंजीकरण विभाग
-समाज कल्याण परिषद्
-आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान

२१. तोकिएबमोजिमका अन्य कार्यहरू ।

## (क) सङ्घीय मामिला शाखा

१. संघ र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको कानुन,नीति र मापदण्डसम्बन्धी कार्य,
२. गाउँपालिका तथा नगरपालिकाको संख्या, सीमाना, वडा र केन्द्र निर्धारण तथा हेरफेर र नामाकरण सम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजिकरण सम्बन्धी कार्य,
३. स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड निर्धारणमा समन्वय सम्बन्धी कार्य,
४. विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या, सीमाना र संरचना सम्बन्धी नीति, कानून तथा मापदण्ड सम्बन्धी कार्य,
५. संघीयता कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण सम्बन्धी कार्य,
६. संघीय शासन व्यवस्था सम्बन्धी अध्ययन,अनुसन्धान तथा असल अभ्यासहरुको आदान प्रदान सम्बन्धी कार्य,
७. प्रदेश र स्थानीय तहबीचको विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
८. प्रदेश र विषयगत मन्त्रालयसँगको सम्पर्क,सहयोग तथा समन्वय सम्बन्धी कार्य,
९. नेपाल सरकारको तर्फबाट सङ्घीय शासन प्रणालीका सम्बन्धमा अन्तर्राष्ट्रिय फोरमहरुमा जनाईने प्रतिवद्धता र समझदारीहरुका सम्बन्धमा सम्बन्धित निकायहरुको समन्वयमा कार्ययोजना वनाई कार्यान्वयन गर्ने ।
१०.स्थानीय तह सम्बन्धी अभिलेख (स्थानीय तहका पदामधकारीको विवरण तथा स्थानीय कानून एवं राजपत्र) व्यवस्थापन सम्बन्धी कार्य,
११.संघीयता सम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय अभ्यासहरुको संकलन र प्रचार प्रसार सम्बन्धी कार्य।
१२.संघीय मामिला अध्ययन स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य।
१३.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क शाखाको रुपमा कार्य गर्ने
निर्वाचनआयोग
राष्ट्रिय मानव अधिकार आयोग,

## (ख) स्थानीय तह समन्वय शाखा

१. स्थानीय तहसंगको सम्पर्क र समन्वय,
२. संविधान तथा संघीय कानून बमोजिम स्थानीय तहलाई आवश्यक निर्देशन दिने बिषय,
३. स्थानीय तह र विषयगत मन्त्रालयबीचको सम्पर्क, सहयोग तथा समन्वय (शाखागत रुपमा तोकिएका कार्य बाहेक),
४. स्थानीय तहहरुबीचको विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरण सम्वन्धी कार्य,
५. जिल्ला समन्वय समितिसँगको सम्पर्क, समन्वय र सहजीकरण सम्बन्धी कार्य,
६. स्थानीय तहसँग सम्बन्धित विषयका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ,संस्था र सञ्जालसँगको समन्वय सम्बन्धी कार्य ।
७. अभियान मूलक कार्यक्रमको मापदण्ड, नीति समन्वय र सहजीकरण।
८. निजामती बाहेकका स्थानीय तहमा कार्यरतअन्यस्थायी कर्मचारीहरुको बढुवा, उजुरी, राय प्रतिकृया सम्बन्धी कार्य,
९. संघीय मन्त्रालयबाट स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरुको समन्वय र सहजीकरण।

(ग) सामाजिक समावेशीकरण तथा सामाजिक सूरक्षा शाखा

१. पञ्जिकरण र व्यक्तिगत घटना दर्ता सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्बन्धी कार्य,
२. स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय सम्बन्धी कार्य,
३. सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय र अभिलेखिकरण सम्बन्धी कार्य,
४. स्थानीय तहमा सामाजिक परिचालन समन्वय सम्बन्धी कार्य,
५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्धित केन्द्रीय परियोजना सल्लाहकार समिति (CPAC)सम्बन्धी कार्य,
६. राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थासँग सम्बन्धित नीतिगत समन्वय सम्बन्धी कार्य,
७. सकारात्मक विभेद सम्बन्धी नीति एवं मापदण्डमा सहजीकरण,
८. लैंगिक समता तथा सामाजिक समावेशीकण सम्बन्धी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयास र त्यस्ता संघ संस्थाहरूसँगको सम्पर्क र समन्वय तथा नेपाल सरकारले अन्तराष्ट्रिय रुपमा गरेका प्रतिवद्धता स्थानीय स्तरमा लागु गराउन प्रोत्साहन,सहयोग र सहजीकरण सम्बन्धी कार्य,
९. विकास कार्यक्रममा लैंगिक तथा सामाजिक समावेशीकरणको लेखाजोखा एवम् असल अभ्यासहरुको आदानप्रदान,
१०. बालमैत्री संरक्षण सम्बन्धी कार्य,
११. राष्ट्रिय गैर सरकारी संस्था, सामुदायिक संस्था र उपभोक्ता समूहको संस्थागत विकास, व्यवस्थापन एवं परिचालनमा समन्वय सम्बन्धी कार्य ।
१२. मन्त्रालयको लैंगिक सम्पर्क विन्दु (Gender Focal Point ) को रुपमाकार्य गर्ने
१३. देहायका आयोग, समित, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क शाखाको रुपमा कार्य गर्ने:
   - राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजातिआयोग, राष्ट्रिय महिला आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग
   - केन्द्रीय पंजीकरण विभाग
   - समाज कल्याण परिषद्
   - आदिवासी जनजाति राष्ट्रिय उत्थानप्र तिष्ठान
१४. तोकिए बमोजिमका अन्य कार्यहरु

## २. योजना तथा विकास सहायता समन्वय महाशाखा

१. स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति,कानून,मापदण्ड,प्रविधि विकास र अनुसन्धान सम्बन्धी कार्य,
२. फोहरमैला व्यवस्थापन सम्बन्धी नीति,मापदण्ड,समन्वय र सहजिकरण सम्बन्धी कार्य,
३. स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको वैदेशिक भ्रमण सम्बन्धी नीति, कानून र मापदण्ड निर्धारण र समन्वय सम्बन्धी कार्य,

४. मन्त्रालयसँग सम्बन्धित राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय सम्बन्धी कार्य,
५. योजना तथा अन्तर्राष्ट्रिय सहयोग सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम निर्माण तथा समन्वय,
६. संघीय मामिला सम्बन्धी अन्तर्राष्ट्रिय संघ,संस्था र सञ्जालसँगको समन्वय सम्बन्धी कार्य,
७. मन्त्रालय एवं अन्तर्गत निकायको लागि आवधिक तथा रणनैतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट र कार्यक्रम सम्बन्धी कार्य,
८. स्थानीय तहको आवधिक, बार्षिक, रणनैतिक तथा अन्य विकास योजना सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
९. संघ, प्रदेश र स्थानीय तहबीचको योजना प्रणालीबीच समन्वय र तादाम्यता सम्बन्धी कार्य,
१०. नेपाल सरकारबाट स्थानीय तहलाई प्रदान गरिने अनुदान सम्बन्धमा समन्वय
११.अन्तर सरकारी वित्तिय सम्वन्ध सुदृढीकरणमा समन्वय तथा स्थानीय सरकारको वित्तिय ढाँचा निर्माणको नमुना विकास सम्बन्धी कार्य,
१२. अन्तर-स्थानीय तह विकास योजना,परियोजना र कार्यक्रमको समन्वय र सहजीकरणसम्बन्धी कार्य,
१३. स्थानीय तहको योजनाप्रणालीमा विषयगत मन्त्रालयसँगको सम्पर्क,सहयोग तथा समन्वय सम्बन्धी कार्य,
१४. विकास सहायता नीति अन्तर्गत स्थानीय तहमा अन्तर्राष्ट्रिय सहयोग परिचालनमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
१५. स्थानीय तहको अन्य मुलुकका स्थानीय तहसँगको भगिनी सम्वन्ध विस्तार सम्बन्धी कार्य,
१६. विशेष,संरक्षित तथा स्वायत्त क्षेत्रर पिछडिएको क्षेत्रको विकास व्यवस्थापन सम्बन्धी कार्य,
१७. स्थानीय तहको वस्तुगत विवरण, योजनागत तथ्यांक, प्रगति समीक्षा र प्रतिवेदनसम्बन्धी कार्यको अभिलेखिकरण र समन्वयसम्बन्धी कार्य,
१८. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
१९. अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,
२०. आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समिति सम्बन्धी कार्य,
२१. स्थानीय स्तरमा वातावरण व्यवस्थापन र दिगो विकास सम्बन्धी नीति, कानून, कार्यक्रम तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनमा समन्वय सम्बन्धी कार्य,
२२. भूउपयोग र वस्ती विकास योजनाकार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
२३. स्थानीय तहमा विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रमको सहजीकरण, समन्वय तथा अनुगमन र मूल्यांकन सम्बन्धी कार्य,
२४. स्थानीय तहमा विपद् पूर्व सूचना केन्द्र स्थापनामा सहयोग र अन्तरनिकाय समन्वय सम्बन्धी कार्य,
२५. वारुणयन्त्र तथा अग्नि नियन्त्रण सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
२६. स्थानीय तहमा भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
२२.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः

-राष्ट्रिय योजना आयोग,
-स्थानीय पूर्वाधार व्यवस्थापन विभाग
-सडक वोर्ड नेपाल
-राष्ट्रिय लगानी वोर्ड
-नगर विकास कोष

२७.तोकिए बमोजिमका अन्य कार्यहरू ।

## क) योजना तथा अनुगमन शाखा

१. मन्त्रालय एवं अन्तर्गत निकायको लागि आवधिक योजना तथा वार्षिक बजेट र कार्यक्रम सम्वन्धी कार्य,
२. संघ, प्रदेश र स्थानीय तहबीचको योजना प्रणालीबीच समन्वय र तादाम्यता सम्बन्धी कार्य,
३. प्रादेशिक तथा स्थानीय तहको आवधिक योजना तथा बजेट, मध्यकालिन खर्च संरचना तथा रणनीतिक योजना तथा MTEF तर्जुमा सम्बन्धी कार्य,
४. अन्तर-स्थानीय तह विकास योजना, परियोजना र कार्यक्रमको समन्वय र सहजिकरण,
५. स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड, प्रविधि विकास र अनुसन्धान सम्बन्धी कार्य,
६. दिगो विकास लक्ष्य (Sustainable Development Goals) हाँसिल गर्ने सम्बन्धमा स्थानीय तहलाई सहयोग र समन्वय,
७. विशेष, संरक्षित तथा स्वायत्त र पिछडिएको क्षेत्रको विकास सम्बन्धी कार्य,
८. स्थानीय तहको वस्तुगत विवरण, योजनागत तथ्यांक, प्रगति समिक्षा र प्रतिवेदन अभिलेखीकरण सम्बन्धी कार्य,
९. स्थानीय तहमा नेपाल सरकारबाट प्रदान गरिएबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम सम्बन्धी कार्य,
१०.अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानून, मापदण्ड, सूचक र कार्यक्रम तर्जुमा,एवं कार्यान्वयनमा समन्वय,
११.अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,
१२.वार्षिक एवं चौमासिक प्रगति विवरणहरूको संकलन, विश्लेषण एवम् पृष्ठपोषण सम्वन्धी कार्य,
१३.आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समिति सम्बन्धी कार्य,
१४.वार्षिक तथा आवधिक आयोजनाहरूको अद्यावधिक अभिलेख राख्ने तथा समीक्षा गर्ने र देखिएका बाधा अड्चन फुकाउने सम्वन्धमा आवश्यक कारवाही गर्ने सम्बन्धी कार्य
१५.मन्त्रालयबाट गरिने महत्वपूर्ण नीतिगत निर्णयलाई व्यवस्थित गर्न स्थापित नीति समन्वय समिति (PCC) को सचिवालयको रुपमा गर्ने कार्य |

## (ख) विकास सहायता समन्वय शाखा

१. स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको वैदेशिक भ्रमण सम्बन्धी नीति, कानून र मापदण्ड निर्धारण तथा वैदेशिक अध्ययन, तालिम, भ्रमणको स्वीकृति सम्बन्धी कार्य,

२. मन्त्रालय सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धिको अभिलेखाङ्कन, प्रतिवेदन, सम्पर्क र समन्वय सम्बन्धी कार्य,
३. अन्तराष्ट्रिय सहयोग सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम निर्माण तथा समन्वय सम्बन्धी कार्य,
४. विकास सहायता नीति बमोजिम अन्तर्राष्ट्रिय सहायता सम्वन्धी नीतिगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने ।
५. स्थानीय तहमा अन्तराष्ट्रिय सहयोग परिचालनमा समन्वय र सहजिकरण सम्बन्धी कार्य,
६. अर्थ मन्त्रालयसँग समन्वय गरी स्थानीय विकासको लागि वैदेशिक सहयोग नीति र प्राथमिकता तय गर्ने सम्बन्धी कार्य,
७. विकास सहायता नीति अनुरुप स्थानीय एवं प्रदेश तहमा कार्यक्रम सञ्चालन गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसंग समन्वय र सहजीकरण,
८. विकास सहायता अन्तर्गत प्रदेश एवं स्थानीय तहमा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा निरिक्षण,
९. नेपाल सरकारसंग सम्झौता भई विभिन्न स्थानीय तह, प्रदेश तथा आयोजनामा कार्यरत विदेशी दक्ष श्रमिक तथा विशेषज्ञहरुको अद्यावधिक विवरण तयार गर्ने र तिनीहरुबाट सम्पादित कार्यको आवधिक मुल्याङ्कन गर्ने,
१०.मन्त्रालयको कामसँग सम्बद्ध विदेशी नागरिक एवं स्वयंसेवकहरुलाई कार्य सहमति तथा भिषाको सिफारिश गर्ने सम्बन्धी कार्य,
११.अन्तराष्ट्रिय सहायता वा प्राविधिक सहयोगबाट प्राप्त सामानहरूको हस्तान्तरण तथा व्यवस्थापन सम्बन्धी कार्य,
१२.स्थानीय तहले माग गरेको विदेशी स्वयंसेवक तथा प्राविधिकको व्यवस्था र अनुगमन सम्वन्धी कार्य,
१३.मन्त्रालय तथा स्थानीय तहमा अन्तराष्ट्रिय सहायताबाट सञ्चालित विकास परियोजनाहरूको कार्यान्वयनमा आवश्यक समन्वय गर्ने सम्बन्धी कार्य,
१४.स्थानीय तहहरुको अन्य मुलुकका स्थानीय तहसँगको भगिनी सम्वन्ध स्थापना र व्यवस्थित गर्ने सम्बन्धी कार्य ।

### (ग) वातावरण तथा विपद् व्यवस्थापन शाखा

१. स्थानीय स्तरमा वातावरण व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित नीति, कानून, कार्यक्रम तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनमा समन्वय सम्बन्धी कार्य,
२. स्थानीय तहमा विपद पूर्व सूचना केन्द्र स्थापनामा सहयोग र अन्तरनिकाय समन्वय सम्बन्धी कार्य,
३. स्थानीय तहमा विपद व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रमको सहजिकरण, समन्वय र सहकार्यलाई प्रवर्द्धनगर्ने सम्बन्धी कार्य,
४. स्थानीय तहमा वातावरणमैत्री शासन प्रणालीको प्रवर्द्धन गर्ने सम्बन्धी कार्य,
५. स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय वातावरणीय प्रयासहरु र संस्थाहरुबीचको सम्बन्ध, सहयोग र समन्वय कायम गर्ने सम्बन्धी कार्य,
६. फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, योजना तथा कार्यक्रममा समन्वय र सहजिकरण सम्बन्धी कार्य,
७. स्थानीय स्तरमा वातावरण प्रदूषण र व्यवस्थापन सम्बन्धी मापदण्डहरु निर्धारण तथा सोको कार्यान्वयनमा सहजिकरण र अनुगमन गर्ने सम्बन्धी कार्य,
८. स्थानीय तहको एकीकृत वस्ती विकास मापदण्ड तथा योजना तयारी समन्वय सम्बन्धी कार्य ।

९. वारुणयन्त्र तथा अग्नि नियन्त्रण कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
१०.भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड स्थानीय तहमा कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
११.गाउँ तथा नगरमा बहुप्रकोप प्रतिरोधी भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड कार्यान्वयनमा समन्वय र सहजीकरण सम्बन्धी कार्य ।
१२.स्थानीय तहमा भू-उपयोग योजना कार्यान्वयनमा समन्वय,

## ३. स्थानीय तह क्षमता विकास महाशाखा

१. सार्वजनिक पदाधिकारी, स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यक्रम, पाठ्यक्रम तर्जुमा, कार्यान्वयन र समन्वय सम्बन्धी कार्य,
२. स्थानीय तहको संस्थागत सुदृढीकरण तथा सशक्तिकरण सम्बन्धी कार्य,
३. स्थानीय तहको जनशक्ति विकास नीति, योजना तथा कार्यान्वयन सम्बन्धी कार्य,
४. विकासका बहुआयामिक र अन्तरसम्बन्धित विषयहरुको कार्यान्वयनमा क्षमता विकास सम्बन्धी कार्य,
५. स्थानीय तहको न्यायिक समितिको क्षमता विकास सम्बन्धी कार्य,
६. स्थानीय तहको क्षमता विकास सम्बन्धी कार्यमा विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
७. स्थानीय तहको क्षमता विकास सम्बन्धमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसंगको समन्वय र सहकार्य सम्बन्धी कार्य,
८. सूचना, अभिलेख तथा विद्युत्तीय शासन सम्बन्धी नीति, कानून, योजना, कार्यक्रम तथा समन्वय सम्बन्धी कार्य,
९. सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य,
१०. मन्त्रालय तथा स्थानीय तहमा आधुनिक सूचना प्रविधिको विकास र उपयोग सम्बन्धी कार्य,
११. सुशासन प्रवर्द्दन तथा उजुरी व्यवस्थापन सम्बन्धी कार्य,
१२. स्थानीय आर्थिक विकासमा सहयोग तथा सहजीकरण सम्बन्धी कार्य,
१३. स्थानीय स्रोत परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण सम्बन्धी कार्य,
१४. स्थानीय तहका राजश्व परिचालन क्षमतामा लेखाजोखा र सुधार सम्बन्धी कार्य,
१५. संघीय प्रणाली सम्बन्धी श्रोत केन्द्र स्थापना र सञ्चालन सम्बन्धी कार्य,
१६.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्ने:
-संघीय संसद
-अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
-राष्ट्रिय मानव अधिकार आयोग,
-राष्ट्रियप्राकृतिक श्रोत तथा वित्तियआयोग,
-राष्ट्रिय सूचना आयोग,
-राष्ट्रिय सतर्कता केन्द्र
-स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
-प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

१७. तोकिए बमोजिमका अन्य कार्य ।

## (क) स्थानीय तह क्षमता विकास शाखा

१. स्थानीय तहका सार्वजनिक पदाधिकारी, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास सम्बन्धी (सबै प्रकारका तालिम, गोष्ठी, कार्यशाला, अभिमुखीकरण आदि) नीति, योजना, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन,
२. स्थानीय तहको क्षमता विकास सम्बन्धी कार्यमा सङ्घीय तथा प्रादेशिक विषयगत मन्त्रालय, अन्तर स्थानीय तह, सरकारी (जस्तै स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, Staff College, विभिन्न विश्वविद्यालयहरु, अनुसन्धान केन्द्रहरु आदि) तथा गैरसरकारी संस्था, विकास साझेदारसंग सम्पर्क, सहयोग, सञ्चार तथा समन्वय,
३. मन्त्रालयको कार्यक्षेत्रसंग सम्बन्धित विषयमा जनशक्ति विकास नीति, योजना तथा कार्यान्वय, क्षमता विकासका श्रोत सामाग्री विकास सम्बन्धी कार्य,
४. स्थानीय तहको संस्थागत सुदृढीकरण तथा सशक्तिकरण सम्बन्धी कार्य ।

## ख) स्रोत परिचालन समन्वय शाखा

१. स्थानीय राजश्व परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण सम्बन्धी कार्य,
२. स्थानीय तहको आन्तरिक श्रोत साधनको पहिचान र परिचालनमा सहजिकरण तथा समन्वय सम्बन्धी कार्य,
३. स्थानीय राजस्वको आधार विस्तारमा प्रोत्साहन र प्रवर्द्धन सम्बन्धी कार्य,
४. स्थानीय राजस्व सूचना तथा तथ्यांक आदान प्रदान प्रणाली विकास, अनुसन्धान र प्रकाशन सम्बन्धी कार्य,
५. स्थानीय आर्थिक विकास सम्वन्धी कार्यमा सहजिकरण,
६. स्थानीय तहको राजश्व परिचालन क्षमता लेखाजोखा र सुधार सम्बन्धी कार्य,
७. राजश्व परिचालनमा स्थानीय तहमा उत्कृष्ट देखिएका कार्यको अन्य स्थानीय तहसँग अनुभव आदान प्रदान सम्बन्धी कार्य,
८. स्थानीय तहको राजश्व परिचालनमा भएका विवाद समाधानका लागि समन्वय सम्बन्धी कार्य,
९. स्थानीय राजस्वको मुल्याङ्कनसम्बन्धी कार्य,
१०. स्थानीय तहको प्राकृतिक श्रोत साधन सम्बन्धी कर तथा राजस्व व्यवस्थापनमा सहयोग र समन्वय सम्बन्धी कार्य,
११. स्थानीय तहको वार्षिक आयव्ययको अभिलेख र वार्षिक प्रतिवेदन प्रकाशन सम्बन्धी कार्य,
१२. राष्ट्रिय प्राकृतिकश्रोत तथा वित्त आयोगको सम्पर्क शाखाको रुपमा कार्य गर्ने,

## (ग) सूचना तथा प्रविधि शाखा

### सूचना तथा सुशासन ईकाइः

१. सूचना अधिकारीको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने सम्बन्धी कार्य,
२. सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य,
३. स्थानीय तहको सफल अभ्यासहरुको प्रचार प्रसार र प्रकाशन गर्ने,
४. सुशासन प्रवर्द्धन तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य,

५. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सूचना आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रको सम्पर्क ईकाईको रुपमा कार्य गर्ने,
६. संसद रिपोर्टिङ्ग सम्बन्धी कार्य ।

**सूचना प्रविधि ईकाईः**

१. विद्युत्तीय शासन सम्बन्धी नीति, कानून, योजना, कार्यक्रम तथा प्रणालीको विकास र प्रवर्द्धन एवं समन्वय सम्बन्धी कार्य,
२. केन्द्र तथा स्थानीय तहमा सूचना प्रणाली सम्बन्धी कार्यको परामर्श तथा समन्वय गर्ने कार्य,
३. भौगोलिक सूचना प्रणाली सम्वन्धी कार्य,
४. वेवसाइट व्यवस्थापन र सञ्चार प्रविधिसंग सम्बन्धित कार्य

## ४. कर्मचारी प्रशासन महाशाखा

१. नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल इन्जिनियरिङ सेवा सिभिल समूह जनरल उपसमूह, विविध सेवा तथा यी अन्तर्गतका समूह तथा उपसमूहहरुको संचालन,
२. संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
३. निजामती सेवाका सबै पद तथा पदाधिकारीहरुको लागि कार्य विवरण तयारी तथा अद्यावधिक,
४. संघीय निजामती कर्मचारीहरुको अन्तर मन्त्रालय सरुवा,
५. संघीयनिजामती कर्मचारीहरुको पुरस्कार र दण्डसम्वन्धी कार्य,
६. कानूनी राय/परामर्श, आदेश तथा फैसला कार्यान्वयन सम्बन्धी कार्य,
७. बढुवा समितिको सचिवालय सम्वन्धी कार्य,
८. संघीय निजामती कर्मचारी प्रशासनको केन्द्रीय कर्मचारी निकाय सम्बन्धी कार्य,
९. प्रशासकीय अभिलेख र तथ्यांक सम्बन्धी कार्य,
१०.आर्थिक प्रशासन तथा वेरुजु सम्बन्धी कार्य,
११.आन्तरिक तथा जिन्सी व्यवस्थापन सम्बन्धी कार्य,
१२.नेपाल सरकारका अस्थायी र आवधिक प्रकृतिका आयोजनाहरुको अस्थायी दरवन्दी स्वीकृती सम्बन्धी कार्य,
१३.देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
- प्रशासकीय अदालत
- निजामती किताबखाना

१४.अन्य महाशाखामा उल्लेख नभएका तथा तोकिए बमोजिमका अन्य कार्य ।

### क. संघीय र प्रादेशिक कर्मचारी प्रशासन शाखा

१. नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र नेपाल विविध सेवाका कर्मचारी प्रशासन सम्वन्धी कार्य सम्पादन गर्ने,

२. बढुवाको लागि सिफारिश भएका कर्मचारीका बढुवा, नियुक्ति र पदस्थापन सम्वन्धी कार्य गर्ने,
३. निजामती कर्मचारी प्रशासन सम्वन्धमा अपनाउने नीति निर्धारण सम्वन्धी कार्य गर्ने,
४. लोक सेवा अयोगवाट सिफारिस भै आएका उम्मेदवारहरुको नियुक्ति र पदस्थापना सम्वन्धी गर्ने,
५. फाजिल तथाअतिरिक्त समूहमा रहेका कर्मचारीहरुको व्यवस्थापन सम्वन्धी कार्य,
६. निजामती सेवाका कर्मचारीहरुको अन्तर मन्त्रालय सरुवा, सरुवा सहमती, काज र नियुक्ति सिफारिश सम्वनधी कार्य,
७. निजामती कर्मचारीहरुको विभागीय सजाय तथा दण्ड सम्बन्धी कार्य,
८. निजामती सेवामा कार्यरत कर्मचारीहरुको सेवा, समूह, उपसमूह परिवर्तन सम्वन्धी सिफारिश लोक सेवा आयोगमा पठाउने,
९. कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको कम सम्पन्न (भ्रमण, बैठक, अध्ययन, अनुसन्धान,आदि) भैसकेपछि सम्बन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने, गराउने।
१०. प्रशासकीय अदालतको सम्पर्क शाखाको रुपमा कार्य गर्ने।

## ख. स्थानीय तह कर्मचारी प्रशासन शाखा

१. स्थानीय तहमा नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल समूह, विविध सेवा तथा यी अन्तरगतका समूह तथा उपसमूहहरुको सञ्चालन सम्बन्धी कार्य,
२. यस मन्त्रालयले सेवा समूह सञ्चालन गर्ने स्थानीय तहमा खटिएका र खटिने प्राविधिक कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,
३. स्थानीय तहमा बढुवाको लागि सिफारिश भएका कर्मचारीका बढुवा नियुक्ति र पदस्थापन सम्वन्धी कार्य गर्ने,
४. स्थानीय तहमा निजामती कर्मचारी प्रशासन सम्वन्धमा अपनाउने नीति निर्धारण सम्वन्धी कार्य गर्ने,
५. लोक सेवा आयोगवाट सिफारिस भै आएका उम्मेदवारहरुका स्थानीय तहमा नियुक्ति र पदस्थापना सम्वन्धी कार्य गर्ने,
६. स्थानीय तहमा फाजिलमा रहेका कर्मचारीहरुको व्यवस्थापन गर्ने,
७. स्थानीय तहमा निजामती सेवामा कार्यरत कर्मचारीहरुको सेवा, समूह, उपसमूह परिवर्तन सम्बन्धी सिफारिश लोक सेवा आयोगमा पठाउने,
८. स्थानीय तहहरुमा कर्मचारी पुग नपुगको अवस्था यकिन गरी नपुग कर्मचारी खटाउने,
९. स्थानीय तहहरुबाट कर्मचारी प्रशासन सम्बन्धी राय माय भएमा पेश गरी निर्णयानुसार राय पठाउने,
१०.सबै स्थानीय तहहरुलाई कर्मचारी विवरण अद्यावधिक गर्न लगाई सोको अभिलेख व्यवस्थापन गर्ने,

११.कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको कम सम्पन्न (भ्रमण, बैठक, अध्ययन, अनुसन्धानआदि) भैसकेपछि सम्वन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने, गराउने ।

## ग. बढुवा व्यवस्था शाखा

१. निजामती सेवाका कर्मचारीहरुको बढुवा समितिको सचिवालयको रुपमा कार्य समपादन गर्ने,
२. निजामती सेवाका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन फारमहरुको संकलन,विशलेषण तथा आवश्यकता अनुसार प्रमाणिकरण गर्न्ने,
३. नि.से.नि. वमोजिम तोकिएको आधारमा बढुवाको लागि कर्मचारीहरुको योग्यताक्रमका लागि आवश्यक मूल्यांकन गरी बढुवाको प्राथमिकताक्रम निर्धारण गर्ने,
४. बढुवा समितिवाट बढुवाको लागि सिफारिश भएका कर्मचारीहरुको नाम प्रकाशित गर्ने,
५. बढुवा सिफारिश उपर परेका उजुरी सम्वन्धमा लोक सेवा आयोगवाट माग भई आएकोमा प्रतिक्रिया पठाउने,
६. बढुवा सम्वन्धी परेका उजुरी÷मुद्दाका सम्वन्धमा अदालतमा राय,जवाफ,प्रतिक्रिया पठाउने,
७. बढुवा हुने कर्मचारीहरुको नियुक्तिका लायिग पत्राचार गर्ने,
८. बढुवा सम्वन्धी मामलामा राय परामर्श दिने,
९. सम्वद्धता निर्धारण सम्वन्धी कार्य गर्ने
१०.समयमा कार्य सम्पादन मूल्याकन भर्न छुट भएका कर्मचारीको कार्य सम्पादन मूल्याकन भर्न सहमति दिने सम्बन्धी कार्य,

## (घ) आर्थिक प्रशासन शाखा

१. विनियोजन,धरौटी राजश्वको लेखा अद्यावधिक गर्ने र सम्बन्धित कागजात सुरक्षित राख्ने,
२. मन्त्रालयको स्वीकृत बजेट निकासा प्राप्त गर्ने,
३. लेखापरीक्षण गराउने,पेश्की र बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं फछ्र्यौट गर्ने र अद्यावधिक गराउनेसम्बन्धी कार्य,
४. मातहतका निकायलाई अख्तियारी र निकासा दिने,
५. आवश्यक प्रतिवेदन फाराम तयार गराई सम्बन्धित निकायमा पठाउने,
६. प्रचलित आर्थिक कानूनद्धारा निर्दिष्ट कार्य ।
७. मन्त्रालयको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी कार्यमा योजना तथा अनुगमन शाखासंग समन्वय र अन्य शाखासंग समन्वय गरी आवश्यक कार्य गर्ने,
८. स्थानीय तहलाई पठाइने अनुदानको अख्तियारी सम्बन्धी कार्य,
९. स्थानीय तहको कानून बमोजिम लेखापरीक्षणमा सहजिकरण गरी बेरुजु उपर मन्त्रालयको निर्देशन पठाउने,
१०.मन्त्रालयको वार्षिक बजेट तर्जुमा (साधारण), निकासा एवं खर्चको प्रबन्ध सम्बन्धी कार्य,
११.शाखाहरूलाई लजिष्टिक सपोर्टको लागि बजेट व्यवस्था सम्बन्धी कार्य,
१२.स्थानीय तहको लेखापरीक्षणको मापदण्ड कार्यान्वयनमा सहयोग ।

## (ङ) आन्तरिक व्यवस्थापन शाखा

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्तर्गतका निकायहरुका कर्मचारीहरुको कर्मचारी प्रशासन सम्वन्धी कार्य,
२. मन्त्रालयको भवन, मेशिनरी लगायत सबै साधनको मर्मत, संचार, लिलाम, मिनाहा र कार्यालय सरसफाई सम्वन्धी कार्य,
३. मन्त्रालय र अन्तर्गतका सामाग्रीहरूको खरिद, भण्डारण र व्यवस्थापन सम्वन्धी कार्य ।
४. मन्त्रालयको खरिद इकाई सम्बन्धी कार्य ।
५. अन्तरराष्ट्रिय सहायता वा प्राविधिक सहयोगबाट प्राप्त सामानहरुको व्यवस्थापन सम्बन्धी कार्य,
६. कर्मचारी बैठक सम्वन्धी कार्य,
७. मन्त्रालयको आन्तरिक बजेट व्यवस्थापन सम्वन्धी कार्य,
८. मन्त्रालयको मूल दर्ता चलानी, जनसम्पर्क सम्बन्धी कार्य,
९. सवारीसाधनहरुको व्यवस्था सम्वन्धी कार्य,
१०.मन्त्रालयका मन्त्री र सचिवको सचिवालय व्यवस्थापन सम्बन्धी कार्य,
११.मन्त्रालय,आयोजनाको जिन्सी निरीक्षण,प्रतिबेदन तयार तथा नियमानुसार कागज धुल्याउने कार्य,
१२.अतिरिक्त समूहमा दरवन्दी रही यस मन्त्रालयमा जिम्मेवारी तोकिएका कर्मचारीहरुको व्यवस्थापन गर्ने,
१३.स्थानीय तहका कर्मचारीका सम्पत्ति विवरण सम्बन्धी कार्य,
१४.स्थानीय तहको चल अचल सम्पत्ति व्यवस्थापनमा सहजिकरण सम्बन्धी कार्य,
१५.मन्त्रालय र अन्तरगत आयोजनाहरुमा आवश्यक अस्थायी दरवन्दी सृजना गरी स्वीकृत गर्ने सम्बन्धी कार्य,
१६.मन्त्रालय र अन्तरगत कर्मचारीहरुको कार्यसम्पादन मूल्याकन सम्बन्धी कार्य,
१७.मन्त्रालय वा अन्तरगतका निजामती कर्मचारीहरुको पुरस्कार सम्वन्धी कार्य गर्ने,
१८.मन्त्रालय अन्तर्गत राजपत्र अनङ्कित पदहरु लगत विज्ञापनको लागि लोक सेवा आयोगमा पठाउने,
१९.पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य,
२०.निजामती किताबखानाको सम्पर्क शाखाको रुपमा कार्य गर्ने,
२१.अन्य शाखामा नतोकिएका कार्यहरु।

## (च) कानून तथा फैसला कार्यान्वयन शाखा

१. मन्त्रालय र अन्तरगत निकायहरुका लागि आवश्यक ऐन, नियम तर्जुमा र संशोधन सम्बन्धी कार्य |
२. स्थानीय तहको नमुना कानुन मापदण्ड र ढाँचा सम्बन्धी विषयमा राय सम्बन्धी कार्य |
३. मन्त्रालय र अन्तरगत निकायलाई कानूनी राय र परामर्श उपलब्धग राउने सम्बन्धी कार्य |
४. नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने सूचना सम्बन्धी कार्य |
५. मन्त्रालय पक्ष हुने सन्धि, सम्झौता, करार, समझदारीपत्र समेतका विषयमा कानूनी राय उपलब्ध गराउने सम्बन्धी कार्य |
६. मन्त्रालयको तर्फबाट फिराद्पत्र, प्रतिउत्तरपत्र, रिटनिवेदन, लिखितजवाफ, पुनरावेदनपत्र तयार गरी सम्बन्धित निकायमा पठाउने कार्य |
७. मन्त्रालयसँग सम्बन्धित अदालती फैसलाको अभिलेखतथा कार्यान्वयन सम्बन्धी कार्य |

## ५. संगठन विकास शाखा

१. कर्मचारी समायोजनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने,

२. अधिकारसम्पन्न संघीय प्रशासनिक पुनर्संचना समितिको सचिवालयको रुपमा कार्य गर्ने

३. नेपाल सरकारको कार्यालयहरुको संगठन तथा कार्यविधिमा प्रभावकारिता ल्याउन आवश्यकता अनुसार अध्ययन गरी प्रतिवेदन तयारी गरी कार्यान्वयन गर्ने,

४. केन्द्रीय संगठन दिग्दर्शन एवं पद व्यवस्था निर्देशिका सम्बन्धी कार्य

५. केन्द्रीय संगठन तालिका अद्यावधिक गरी प्रकाशन सम्बन्धी कार्य

६. नेपाल सरकारका मन्त्रालय, विभाग लगायतका निकायहरुका साथै इकाइस्तरका संगठनहरुको संगठनात्मक सुधार सम्बन्धी कार्य गर्ने,

७. संगठन तथा व्यवस्थापन सम्बन्धी राय परामर्श सम्बन्धी कार्य,

८. नेपाल सरकार तथा संवैधानिक अंगहरुका लागि आवश्यक दरवन्दीहरु सृजना तथा खारेज गर्न मन्त्रालय तहवाट सहमति तथा स्वीकृति दिन कारवाही गर्ने,

९. विभिन्न सरकारी निकायहरुको लागि मौजुदा स्थायी दरवन्दी सम्वन्धी नीति तथा आधार तैयार गर्ने,

१०.निजामती सेवाका पद तथा पदाधिकारीहरुको सेवा÷समुह निर्धारण गर्ने,

११.सेवा,समुह विभाजनको कार्यमा सुधारको लागि आवश्यक अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने,

१२.आवश्यकता अनुसार नयाँ सेवा÷समुहहरुको गठन र अनावश्यक सेवा÷समुहहरुको खारेज गर्ने सम्वन्धमा सुझाव दिने,

१३.निजामती सेवाका सबै पद तथा पदाधिकारीहरुको लागि कार्य विवरण सम्बन्धित मन्त्रालयवाट तयार गराई अद्यावधिक गर्ने,

१४.कार्यालयको नाम परिवर्तन सम्वन्धी कार्य,

१५.विशेष पद र विशेषज्ञ पद लगायत निजामती सेवाका अन्य विविध पदहरु सृजना र खारेज सम्वन्धमा कारवाही गर्ने,

१६.पद नाम निर्धारण गर्ने र परिवर्तन गर्न सिफारिस सम्बन्धी कार्य,

१७.विभिन्न सेवा, समुह संचालन गर्ने मन्त्रालय विच समन्वय गर्ने गराउने कार्य,

१८.कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको काम सम्पन्न -भ्रमण, बैठक, अध्ययन, अनुसन्धान, आदि) भैसकेपछि सम्वन्धित महाशाखा प्रमुखलाई सम्वोधन गरी प्रतिवेदन गर्ने, गराउने ।

१९.नेपाल सरकारवाट संचालित अस्थायी प्रकृतिका आयोजनाहरुमा आवश्यक अस्थायी दरवन्दी सृजना गर्न वैठकमा भाग लिने,

## ६. प्रशासन सुधार, जनशक्ति, योजना तथा विकास महाशाखा

१. राष्ट्रिय निजामती सेवा नीति सम्बन्धी कार्य,
२. संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका निवृत्तिभरण लगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, कानून र मापदण्ड र व्यवस्थापन सम्बन्धी कार्य,
३. सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
४. प्रशासनिक सुधार सम्बन्धी नीति, योजना, समायोजन र समन्वय सम्बन्धी कार्य,
५. कर्मचारी कल्याण सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
६. व्यवस्थापन परीक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रम संचालन र समन्वय,
७. प्रशासन सुधार सम्बन्धी अध्ययन, अनुसन्धान तथा नीति तर्जुमा र कार्यान्वयन
८. संघीय निजामती तथा अन्य सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धमा अध्ययन, अनुसन्धान र विकास सम्बन्धी कार्य,
९. स्वदेशी तथा विदेशी अध्ययन, अवलोकन भ्रमण तथा तालिम सम्बन्धी कार्य,
१०. नेपाल सरकारको नीति र कार्यक्रमको सफल कार्यान्वयनका लागि आवश्कता अनुसार प्रशासकीय व्यवस्थापन र कार्यविधिमा पुनरावलोकन,
११. संघीय निजामती कर्मचारीको सेवा, सुविधा तथा प्रोत्साहन सम्बन्धी कार्य,
१२. राष्ट्रसेवक कर्मचारी संवद्ध संघ संस्था सम्बन्धी कार्य गर्ने
१३. देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
- निजामती अस्पताल
- कर्मचारी तालिम प्रतिष्ठान

### क. जनशक्ति योजना तथा विकास शाखा

१. संसद सेवा, स्वास्थ्य सेवा र न्याय सेवा बाहेकका सेवाहरुमा रिक्त रहेका राजपत्रांकित पदहरुको लगत विज्ञापनको लागि लोक सेवा आयोगमा पठाउने,
२. जनशक्ति विकासको लागि स्वदेशी तथा वैदेशिक अध्ययन,तालीम सम्बन्धी छात्रवृत्ति समितिको सचिवालय सम्बन्धी कार्य गर्ने,
३. निजामती सेवाका कर्मचारीहरुलाई तालीमको आवश्यकता सम्वनधी सर्वेक्षण र अध्ययन,
४. नेपाल सरकारका विभिन्न सेवाका कर्मचारीहरुलाई विभिन्न तालीम संस्थाहरु मार्फत सेवा प्रवेश र सेवाकालीन तालीमको प्रवन्ध गर्ने,
५. नेपाल सरकारका विभिन्न निकायहरुबाट संचालित तालिम सम्बन्धी आवश्यक योजना कार्यक्रम तथा प्रशिक्षण विधि र पाठ्यक्रमसँग सम्बन्धित नीति निर्धारण,
६. कर्मचारीहरुको बृत्ति विकास सम्वन्धी अध्ययन, अनुसन्धान र सुझाव सम्वन्धी कार्यहरु,

७. निजामती सेवाका लागि आवधिक रुपमा जनशक्ति योजना तर्जुमा र विकास सम्वनधी कार्यहरु,

८. नेपाल सरकारका विभिन्न निकायहरुवाट संचालित तालीम कार्यक्रमहरुको बीच समन्वय र अनुगमन,

९. विभिन्न तालिम संस्थाहरुवाट संचालित तालीम कार्यक्रमहरुको स्तर निर्धारण,

१०.राष्ट्रिय तालिम नीति सम्बन्धी कार्यहरु,

११.सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कार्यरत कर्मचारीहरुलाई अन्तर्राष्ट्रिय स्तरमा अध्ययन/तालिममा जान मनोनयन,पूर्व स्वीकृति र विदा सिफारिश सम्वन्धी कार्य,

१२.कुनै पनि समुह वा पदको लागि आवश्यक न्यूनतम शैक्षिक योगयता र पाठ्यक्रम सम्बन्धी लोक सेवा आयोगमा परामर्श उपलव्ध गराउने,

१३.कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको काम सम्पन्न -भ्रमण, बैठक, अध्ययन, अनुसन्धान,आदि) भैसकेपछि सम्वन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने, गराउने,

## ख. प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा

१. नेपाल सरकारका विभिन्न निकायहरुको आकस्मिक तथा नियमित व्यवस्थापन परीक्षण गरी प्रतिवेदन तयार गर्ने,

२. नेपाल सरकारका विभिन्न निकायहरुको सेवाग्राही सन्तुष्टी सर्वेक्षण गर्ने,

३. निजामती सेवा ऐन तथा नियमावली बमोजिम अध्ययन, अध्यापन, लेखापरीक्षण व्यवसाय लगायतमा काम गर्न विभागीय स्वीकृति दिने,

४. कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको काम सम्पन्न (भ्रमण, बैठक, अध्ययन, अनुसन्धन,आदि) भैसकेपछि सम्बन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने,

५. उच्च स्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिको सचिवालयको रुपमा काम गर्ने,

६. शासकिय सुधार तथा प्रशासन सुधार सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

७. प्रशासन सुधार सम्वन्धी अध्ययन, अनुसन्धानतथा मन्त्रालयबाट हुने प्रकाशन सम्बन्धी कार्य ( प्रशासन पत्रिका, स्वशासन,शासकीय खबर पत्रिका आदि)

८. निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन लगायत संघ संस्थाहरु सम्वन्धी कार्यहरु गर्ने,

९. तलव भत्ता पुनरावलोकन समिति सम्बन्धी सचिवालयको रुपमा कार्य गर्ने,

१०.निजामती सेवामा समावेशीकरण सम्बन्धी कार्य गर्ने,

११.निजामती सेवा सम्बन्धी अन्तरराष्ट्रिय सम्पर्क शाखाको रुपमा कार्य गर्ने,

१२.नमुना कार्यालय सम्बन्धी कार्य,

१३.व्यवस्थापन परिक्षणसम्बन्धी कार्य,

१४.एकीकृत घुम्ती सेवा संचालन सम्बन्धी कार्य,

ग. कर्मचारी कल्याण शाखा

१. निजामती कर्मचारीहरुको सुविधा एवं कल्याण सम्बन्धमा नीति कानून योजना कार्यक्रम तथा कार्यान्वयन सम्बन्धी कार्य र सो को अध्ययन, अनुसन्धान
२. निजामती कर्मचारीले पाउने सुविधा र सहुलियत सम्बन्धमा मन्त्रालयको प्रतिनिधित्व तथा राय सम्बन्धी कार्य
३. औषधि उपचारको थप आर्थिक सहायता दिने कारवाही गर्ने,
४. निजामती कर्मचारी सन्तति छात्रवृत्ति समितिको सचिवालय सम्बन्धी कार्य,
५. निजामती कर्मचारीको स्वास्थ्य बीमा सम्बन्धी कार्य गर्ने,
६. सेवा निवृत कर्मचारीको हक हित सम्बन्धी कार्य गर्ने,
७. निजामती कर्मचारीलाई दिइने पुरस्कार सम्बन्धी कार्य,
८. निजामती कर्मचारी अस्पतालको सम्पर्क शाखा
९. निजामती कर्मचारी आवासीय विध्यालय र निजामती कर्मचारी आवास सम्बन्धी कार्य
१०. एकीकृत परिवहन सेवाको समन्वय, संचालन र व्यवस्थापन सम्बन्धि कार्य गर्ने।

## ४. मन्त्रालयवाट प्रदान गरिने सेवा

मन्त्रालयबाट सूचना माग सम्बन्धी सेवा सूचनाको हक सम्बन्धी ऐन/नियम अनुसार प्रदान हुने गरेको छ । बिभाग, समिति, प्रतिष्ठान, आयोग तथा स्थानीय तहहरुबाट हुने गरेको क्रियाकलापमा मन्त्रालयले नीतिगत कार्य र समन्वय गर्ने तथा सो बिरुद्वको उजुरी तथा गुनासो सुन्ने गरेको छ ।

## ५. मन्त्रालय महाशाखा शाखा र जिम्मेवार अधिकारी एवं सम्बन्धित शाखा प्रमुख

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको कार्यक्षेत्र भित्र समाहित गरिएको विभिन्न क्रियाकलापहरु संचालन गर्न मन्त्रालयमा देहाय बमोजिमका शाखा/महाशाखाहरुको व्यवस्था गरिएको छ । सो अनुसार मन्त्रालयका महाशाखा तथा शाखाहरुबाट सम्पादन गर्नुपर्ने गरी निर्दिष्ट गरिएको कार्यविवरण वुँदा नं. ३ मा उल्लेख गरिसकिएको छ ।

| सि.नं. | महाशाखा, शाखा, कार्यक्रम, आयोग, प्रतिष्ठान, समिति र संघ संस्थाको नाम | जिम्मेवार अधिकारीको पद | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सचिव | श्री सूर्यप्रसाद गौतम |
| १ | सङ्घीय मामिला महाशाखा | सहसचिव | श्री बसन्त अधिकारी |
| | ▪ सङ्घीय मामिला शाखा | उपसचिव | श्री प्रह्लाद कुमार कार्की |
| | ▪ स्थानीयतह समन्वय शाखा | उपसचिव | श्री डिलाराम पन्थी |
| | ▪ सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा | उपसचिव | श्री बावुराम भुसाल |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| २ | कर्मचारी प्रशासन महाशाखा | सहसचिव | श्री राजीव पोखरेल |
| | ▪ संघीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री प्रकाश आचार्य |
| | ▪ स्थानीय तह कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री अग्नि प्रसाद अधिकारी |
| | ▪ आन्तरिक व्यवस्थापन शाखा | उपसचिव | श्री अग्नि प्रसाद अधिकारी |
| | ▪ बढुवा शाखा | उपसचिव | श्री पर्व प्रसाद सापकोटा |
| | ▪ कानून तथा फैसला कार्यान्वयन शाखा | उपसचिव(कानून) | श्री पुरुषोत्तम खतिवडा |
| | ▪ आर्थिक प्रशासन शाखा | उपसचिव(लेखा) | श्री वावुराम ज्ञवाली |
| ३ | योजना तथा विकास सहायता समन्वय महाशाखा | सहसचिव | श्री विष्णु दत्त गौतम |
| | ▪ योजना तथा अनुगमन शाखा | उपसचिव | श्री महेन्द्र प्रसाद सापकोटा |
| | ▪ विकास सहायता समन्वय शाखा | उपसचिव | श्री रेशम कंडेल |
| | ▪ वातावरण तथा विपद व्यवस्थापन शाखा | उपसचिव | श्री ऋषिराज आचार्य |
| ४ | स्थानीय तह क्षमता विकास महाशाखा | सहसचिव | श्री जय नारायण आचार्य |
| | ▪ स्थानीय तह क्षमता विकास शाखा | उपसचिव | श्री रमेश अधिकारी |
| | ▪ सूचना तथा प्रविधि शाखा | उपसचिव | श्री अनुनय बाँस्तोला |
| | ▪ स्रोत परिचालन समन्वय शाखा | उपसचिव | श्री अच्युतराज रेग्मी |
| ५ | संगठन विकास महाशाखा | सहसचिव | श्री बसन्त अधिकारी |
| | संगठन विकास शाखा | उपसचिव | श्री रविन्द्रजंग थापा |
| ६ | प्रशासन सुधार, जनशक्ति, योजना तथा विकास महाशाखा | सहसचिव | श्री लक्ष्मी प्रसाद निरौला |
| | ▪ जनशक्ति योजना तथा विकास शाखा | उपसचिव | श्री राम प्रसाद वाग्ले |
| | ▪ प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा | उपसचिव | श्री कृष्ण वहादुर शाही |
| | ▪ कर्मचारी कल्याण शाखा | उपसचिव | श्री तुलसी प्रसाद दाहाल |
| ७ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | निर्देशक | श्री रमेश अधिकारी |
| ८ | स्थानीय पूर्वाधार विभाग | महानिर्देशक | श्री रामचन्द्र श्रेष्ठ |
| ९ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | श्री पित् कुमार श्रेष्ठ |
| १० | राष्ट्रिय किताबखाना (निजामती) | महानिर्देशक | श्री ऋषिराम तिवारी |

| | | | |
|---|---|---|---|
| ११ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | डा. श्री राजन खनाल |
| १२ | निजामती कर्मचारी अस्पताल | कार्यकारी निर्देशक | डा. श्री. दीर्घराज आर.सि. |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### ६(१) सेवा प्राप्त गर्न लाग्ने दस्तुर

सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम र अन्य बिशेष कानूनले तोके बमोजिमको दस्तुर ।

### ६(२) सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अबधिभित्र र अन्य बिशेष कानूनले अबधि तोकेकोमा सोही बमोजिम ।

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महांशाखा र शाखामा आबश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाइने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री सूर्यप्रसाद गौतम

## ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

### १ संगठन विकास शाखा

(क) देहायका निकायहरुको संगठन संरचना र दरवन्दी पुनरावलोकन भई स्वीकृत भएको:

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र अन्तर्गत
- रक्षा मन्त्रालय र अन्तर्गत
- घरेलु तथा साना उद्योग प्रबर्द्धन केन्द्र
- जल तथा मौसम विज्ञान कार्यालय, भैरहवा

(ख) देहायका निकायहरुको संगठन संरचना र दरवन्दी स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश भएको:

- उपराष्ट्रपतिको कार्यालय
- मधेशी आयोग
- आदिवासी जनजाती आयोग
- थारु आयोग

- सार्वजनिक खरिद अनुगमन कार्यालय
- समावेशी आयोग
- मुस्लिम आयोग

## २ वातावरण तथा विपद व्यवस्थापन शाखा

- कोभिड-१९ संक्रमण व्यवस्थापनको लागि स्थानीय तहले गरेका हरेक क्रियाकलापहरुको संघीय ईकाइहरुवीच प्रतिवेदन प्रणालीमा सहजता ल्याउन CMIS (Crisis Management Information System) तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको ।
- स्थानीय तहको योजना प्रक्रियालाई कोभिड संवेदनशील वनाउन यस मन्त्रालयको नेतृत्वमा स्थानीय तहको तात्कालिक आवश्यकता पहिचान तथा कोभिड-१९ संवेदनशील योजना तर्जुमा ढाँचाको नमुना तयार गरी मार्गदर्शनको रुपमा उपलव्ध गराउनुको साथै सोको उपयोग गर्ने सन्दर्भमा प्रशिक्षण गरिएको।
- विकासका साझेदार तथा गैरसरकारी संस्थाहरुलाई स्थानीय तहको कोभिड-१९ पुनर्लाभ सम्वन्धी क्रियाकलापका लागि आवश्यक समन्वय भैरहेको ।
- कोभिड-१९ संक्रमण रोकथाम तथा न्यूनीकरणको सम्वन्धमा बिषयगत मन्त्रालय तथा केन्द्रीय निकायबाट भए गरेका विषयहरुमा स्थानीय तहलाई सहजीकरण गरिएको ।
- ढुंगा, गिट्टी, वालुवा, उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ तयार गरी स्वीकृतिका लागि मन्त्रिपरिषदमा पेश गरिएको ।
- कोरोना संक्रमण रोकथाम नियन्त्रण, रोकथाम तथा उपचारको लागि स्थानीय तहहरुले स्थापना गरी सञ्चालनमा रहेका क्वारेन्टिनहरु निर्धारित मापदण्ड बमोजिम थप व्यवस्थित गर्न, क्वारेन्टिनमा बसेका व्यक्तिहरुको बसोबास बन्दोबस्त गर्न र खानपिन व्यवस्था मिलाउने प्रयोजनको लागि स्थानीय तहले CMIS (Crisis Management Information System) मा प्रविष्टि गरेको तथ्याङ्कको आधारमा स्थानीय तहलाई उपलब्ध गराउने रकमको निकासा मागको लागि सहजिकरण गरिएको ।
- समुदायमा आधरित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन मञ्च (CBDRM Platform) को Website सार्वजनिकिकरण गर्दै विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा विकासका सझेदार तथा अन्तर्ष्ट्रिय एवं राष्ट्रिय गैरसरकारी संघसंस्थाले गरेका सम्पुर्ण क्रियाकलाप हरुलाई संस्थागत गरिएको।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा स्थानीय तहहरुको संस्थागत क्षमताको सुदृढीकरण तथा जनशक्तिहरुको क्षमता विकास गर्न Training Manual तयार गरी २ वटा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

- यस मन्त्रालयको क्षेत्राधिकार अन्तर्गत रहेका स्थानीय, प्रादेशिक तथा संघीय सरकारका विकास निर्माण र आयोजनासँग सम्वन्धित १५ वटा प्रस्तावहरुको प्रारम्भिक परिक्षण प्रतिबेदन स्वीकृत गरिएको ।

## ३ स्रोत परिचालन समन्वय शाखा

- स्थानीय तहको आन्तरीक आयको तथ्याङ्क संकलन
- स्थानीय तहको राजश्व बाँडफाँड, आन्तरीक आय संकलनमा सहजीकरण

## ४ संघीय मामिला शाखा

- यस शाखावाट तपसिल वमोजिमका कानुनहरु निर्माण तथा कैफियतमा उल्लेख भए वमोजिम मस्यौदा निर्माणको चरणमा रहेका छन ।

| क्र.सं | कार्यको विवरण | हालको अवस्था |
|---|---|---|
| १. | स्थानीय सरकार संचालन ऐन, २०७४ | संशोधनको लागि मस्यौदा तयार भएको |
| २. | स्थानीय सरकार संचालन नियमावली, | प्रारम्भिक मस्यौदा तयारीकोचरणमा रहेको |
| ३. | दमकल संचालन तथा व्यबस्थापन नमुना कार्यविधि | मस्यौदा स्वीकृत भई वेभसाईटमा अपलोड भएको |
| ४. | स्थानीय सार्वजनिक जवाफदेहिता कार्यविधि,२०७७ | मस्यौदा तयार भएको |
| ५. | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यबस्थापन सम्बन्धि कार्यविधि | मस्यौदा तयार भएको |
| ६. | आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धि नमुना,कानून | मस्यौदा तयारीको लागिविज्ञ सँग सम्झौताको चरणमा रहेको |
| ७. | व्यवसाय कर सम्बन्धी कार्यविधि | स्वीकृत भई अपलोड भएको |
| ८. | सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्बन्धि नमुना कार्यबिधि | मस्यौदा तयार भएको |
| ९. | अस्पताल नर्सिङ्ग होम निदान केन्द्र तथा क्लिनिकहरुको दर्ता संचालन अनुमति र | स्वास्थ्य मन्त्रालयसंग समन्वयमा मस्यौदा तयार भएको |

| | | |
|---|---|---|
| | नियमन सम्बन्धि नमुना निर्देशिका | |
| १०. | स्थानीय तहको श्रोत परिचालन कार्यविधि | मस्यौदा तयारी भएको |
| ११. | स्थानीय तह कार्य सञ्चालन निर्देशिका | मस्यौदा तयार भएको |
| १२. | घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधि | स्वीकृत भई अपलोड गरिएको |
| १३. | राजस्व सुधार कार्य योजना तर्जुमा दिग्दर्शन | स्वीकृत भई अपलोड भएको |
| १४. | सार्वजनिक निजी साझेदारी ऐन | अन्तिम मस्यौदा तयार भएको |

- स्थानीय तहबाट जारी भएका कानूनहरुको तुलनात्मक अध्ययन कार्य सम्पन्न भएको ।
- स्थानीयतहहरुबाट भएका असल अभ्यासहरुको संकलन र छनोट गरी डिटेलिंग गर्ने कार्य भएको ।
- संघीयता श्रोत केन्द्रको लागि पुस्तक खरिद भएको ।
- स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन छपाई भएको

## ५ सूचना तथा प्रविधि शाखा

(क) सुशासन एवं सूचना तर्फ

| सि.नं. | कार्य सम्पादन लक्ष्य | उपलब्धि |
|---|---|---|
| १ | हेलो सरकार, अ.द.अ.आ., मन्त्रालय र रा.स.के. वाट प्राप्त उजुरीहरुको छानविन तथा प्रतिवेदन तयार गर्ने | (क) उल्लेखित निकायहरुवाट प्राप्त उजुरीहरुको सम्वन्धमा मन्त्रालयवाट छानिवन गरी प्रतिवेदन तयार गरिएको ६ वटा ।<br>(ख) विभाग तथा जि.स.स. मा छानविनको लागि पठाईएको ३४ वटा मध्ये प्रतिवेदन प्राप्त भएको ८ वटा ।<br>(ग) अ.दु.अ.आ. वाट प्राप्त मिसिलहरुको लगत कट्टा संख्या १३ वटा । |
| २ | स्वप्रकाशन प्रतिवेदन तयार गर्ने | पहीलो तथा दोश्रो त्रैमासिकको प्रगति विवरण समेटिएको स्वप्रकाशन प्रतिवेदन तयार गरि राष्ट्रिय सूचना आयोगमा पठाइएको । कोरोना प्रकोपले तेश्रो चौमासिकको प्रतिवेदन समयमा तयार गर्न नसकिएकोले सो तथा अन्तिम चौमासिकको प्रगति प्रतिवेदन २०७७ श्रावण १५ भित्र तयार गर्ने लक्ष्य रहेको । |

| | | |
|---|---|---|
| ३ | संसद अधिवेशनको रिपोर्टङ गर्ने | संसदको दुवै सदनको नियमित रुपमा संसद चलेको अवस्थामा यस मन्त्रालयसंग सम्वन्धित विषयमा रिपोर्टिङ भइरहेको । |
| ४ | सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्वन्धी कार्य | सूचना मागको विवरण २२ वटा प्राप्त भएकोमा १९ वटा सूचनाको विवरण निवेदकलाई उपलव्ध गराईएको वाँकी ३ वटा सम्वन्धित शाखावाट उपलव्ध हुन वाँकी रहेको । प्रकासन सम्वन्धी कार्य हाल यस शाखा अन्तर्गत नरहेको उक्त कार्य प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखाको रहेको । |
| ५ | सुशासन प्रवर्द्धन तथा गुनासो व्यवस्थापन सम्वन्धी कार्य | उजुरी/गुनासो फछ्र्यौटको अवस्था<br>प्र.म.तथा म.प.को कार्यालय — १२/१२<br>अ.दु.अ.आ.. — १०३/९०<br>रा.स.के. — ११/११<br>अन्य - ४५/३८<br>हेलो सरकार — ३५/३५ |
| ६ | अ.दु.अ.आ., राष्ट्रिय सूचना आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रको सम्पर्क ईकाईको रुपमा कार्य गर्ने | नियमित समन्वय र सम्पर्क भईरहेको । अ.दु.अ.आ. मा मिति २०७६।४।१९ मा भएको वैठकमा निर्णय कार्यान्वयन मिसिलहरु सम्वन्धमा छलफल भएको । स्थानीय तहमा धेरै कर्मचारी समायोजन भई अन्य मन्त्रालय अन्तर्गत रहेका आयोगको निर्णयहरु समेत यस मन्त्रालय मातहत सरेकोले निर्णय कार्यान्वयनको संख्या वढ्न गई कार्यान्वयनको लागि अघि वढाइएको । |
| ७ | हेलो सरकार पोर्टल विस्तार ७५३ स्थानीय तहहरुसम्म विस्तार गर्न समन्वय गर्ने | गत आ.व. २०७५।७६ मा सवै स्थानीय तहको पोर्टल निर्माण यस मन्त्रालयवाट भएको र सो सम्वन्धमा प्रदेश नं. ३ अन्तर्गतका स्थानीय तहलाई प्रशिक्षण प्रदान समेत गरीयकोमा यस आ.व. मा प.म.तथा म.प.को कार्यालयले सवै स्थानीय तहको नयाँ पोर्टल निर्माण गरेको र सो पोर्टल संचालन सम्वन्धी प्रशिक्षाण एवं अनुगमनको लागि प्र.म. तथा म.प. को कार्यालयसंग छलफल भईरहेको । साथै स्थानीय तहका वडाहरुसम्म हेलो सरकारको पोर्टल विस्तार गर्ने कार्य यस मन्त्रालयको कार्ययोजनावाट हटाउन मिति २०७६।७।२५ को सचिवस्तरीय निर्णयानुसार प्र.म.तथा म.प.को कार्यालयमा पठाईएको । |

(ख) सूचना प्रविधि तर्फ

| सि.नं. | कार्य सम्पादन लक्ष्य | उपलब्धि |
|---|---|---|
| १ | अफिस अटोमेसन | (क) अफिस अटोमेशनको लागि आवश्यक उपकरण खरिद भैसकेको । |

| | | |
|---|---|---|
| | सिस्टमको स्थापना तथा तालिम संञ्चालन गर्ने । | (ख) अफिस अटोमेशनको कर्मचारी लाई आधारभुत तालिम दिईएको ।<br>(ग) मन्त्रालयका सबै कर्मचारीहरुलाई मिति २०७६।७।१८ र १९ मा तालिम संचालन गरिएको ।<br>(घ) मिति २०७६।८।१ देखि संचालनमा आएको । |
| २ | स्थानीय तहका पदाधिकारी एवं प्रमुखका लागि संचार माध्यमको प्रयोगद्धारा चुस्त दुरुस्त जानकारीको लागि प्रणाली विकास गर्ने । | क) SMS सेवा खरिद भैसकेको<br>ख) स्थानिय तह तथा मन्त्रालयका विभागहरुमा नियमित रुपमा SMS मार्फत सुचना प्रवाह गरिरहेको ।<br>ग) सुचना प्रविधि पोर्टललाई मन्त्रालयको वेबसाइटसँग आवद्ध गर्न आवश्यक कार्य भइरहेको । |
| ३ | ई-लाइब्रेरीको स्थापना र सो को तालिम संचालन गर्ने । | क) ई-लाइब्रेरी लाई मन्त्रालयको वेबसाइटसँग आवद्ध गर्न आवश्यक कार्य भइरहेको । |
| ४ | मन्त्रालयको महत्वपुर्ण कार्यक्रमहरु प्रत्यक्ष प्रसारणका लागि प्रणाली विकास । | (क) संविधान दिवस २०७६ को उपलक्ष्यमा सन्देशमूलक श्रव्यदृश्य सामाग्री उत्पादन गरी टेलिभिजन मार्फत प्रसारण गरिएको । |
| ५ | गुनासो व्यवस्थापन सम्बन्धी कार्य | हेलो सरकारमार्फत यस मन्त्रालयमा आएका ३५ गुनासाहरु फछ्यौंटका लागि कारवाही अघि पठाईएको। |
| ६ | विधुतिय शासन सम्बन्धी निती, कानुन, योजना, कार्यक्रम तथा | नियमित रुपमा समन्वय भईरहेको । |

| | | |
|---|---|---|
| | प्रणालीको विकास प्रबर्द्धन एव समन्वय सम्बन्धी कार्य | |
| ७ | केन्द्र तथा स्थानीय तहमा सूचना प्रणाली सम्बन्धी कार्यको परामर्श तथा समन्वय गर्ने कार्य । | नियमित रुपमा समन्वय भईरहेको । |
| ८ | वेवसाईट व्यवस्थापन र सञ्चार प्रविधि सँग सम्बन्धित कार्य | -नियमित भई रहेको ।<br>-संविधान दिवसको अवसरमा निर्माण गरिएको श्रव्य दृष्य समाग्रीलाई डिजिटल डिस्प्ले मार्फत देखाईएको ।<br>-मन्त्रालयको अन्य कार्य तथा प्रगति विवरणहरुडिजिटल डिस्प्ले मार्फत देखाउने गरिएको । |
| ९ | हेलो सरकार पोर्टल विस्तार ७५३ स्थानीय तहहरुसम्म विस्तार गर्न समन्वय गर्ने | -हेलो सरकार पोर्टल बिस्तारका लागि सबैस्थानिय तहमा विधुत तथा ईन्टरनटको पहुँचको विवरण मागीएको ।<br>- हेलो सरकार बिस्तारकालागि प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय सँग बैठक तथा समन्वय गरिरहेको ।<br>- स्थानीय तहका वडाहरुसम्म हेलो सरकारको पोर्टल विस्तार गर्ने कार्य यस मन्त्रालयको कार्ययोजनावाट हटाउन मिति २०७६।७।२५ को सचिवस्तरीय निर्णयानुसार प्र.म.तथा म.प.को कार्यालयमा पठाईएको । |

## ६ कानून तथा फैसला कार्यान्वयन शाखा

| शिर्षक | महिना | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७६ | २०७६ | २०७६ | २०७७ | २०७७ जेष्ठ | २०७७ | जम्मा |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | माघ | फागुन | चैत्र | वैशाख | | असार | |
|---|---|---|---|---|---|---|---|
| लिखित जवाफ | ४० | २९ | २१ | १६ | - | ९ | ११५ |
| राय | १६ | १३ | ९ | २ | ५ | १० | ५५ |
| राजपत्रमा प्रकाशनको लागि पठाइएको | २ | - | - | १ | - | - | ३ |
| आदेश कार्यान्वयन | १३ | १५ | २ | - | - | ११ | ४१ |
| *कुल जम्मा* | | | | | | | २१४ |

**७ स्थानीय तह कर्मचारी प्रशासन शाखा**

- विभिन्न स्थानीय तहहरुमा लोक सेवा आयोगवाट सिफारीस अप्राविधिक तथा प्राविधिक समूहका अधिकृतस्तर छैठौं तहमा नयाँ नियुक्त साथै वैकल्पिक उम्मेदवारको रुपमा सिफारिश कर्मचारीलाई स्थायी नियुक्तिको लागि सम्वन्धित स्थानीय तहहरुमा सिफारीश गरिएको ।
- विभिन्न स्थानीय तहमा देहाय वमोजिम कामकाज/पदस्थापन/सरुवा/जिम्मेवारी/थप जिम्मेवारी दिइएको ।
  - ✓ उप सचिव अप्राविधिक (प्रमुख प्रशासकीय अधिकृत) १२८ जना
  - ✓ शाखा अधिकृत अप्राविधिक (प्रमुख प्रशासकीय अधिकृत) ३२३ जना
  - ✓ ना.सु./खरिदार/का.स. ५४ जना
  - ✓ विविध क्रियाकलाप अन्तर्गत अन्य आवश्यक विभिन्न कामहरु सम्पादन गरिएको ।

**८ आर्थिक प्रशासन शाखा**

- वेरुजु फछ्यौंट कार्यको सन्दर्भमा आ.व. २०७४।७५ सम्मको वेरुजुको अभिलेख Electronic Verson मा प्रविष्ट गर्ने कार्य ८० प्रतिशत सम्पन्न भएको ।
- कर्मचारीहरुको तलबी विवरण चुस्त र यथार्थपरक बनाउन सफ्टवेयर खरिद गरि Instal गर्ने कार्य सम्पन्न भएको ।
- वक्यौदा रहेको वेरुजु फछ्र्यौट गर्ने कार्य निरन्तर रुपमा गरिएको । यस क्रममा केन्द्र स्तरका विभिन्न निकायहरुको वेरुजु फर्छयौट ८० प्रतिशत भन्दा माथि भएकोमा यस मन्त्रालय, निजामति कर्मचारी

अस्पताल, राष्ट्रिय किताबखाना (निजामती), प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र थाहा नगरपालिकालाई पुरस्कृत गर्ने कार्य भएको ।

- अन्य महाशाखा/शाखाहरुको कार्य सम्पादनमा निरन्तर सहयोग उपलव्ध गराउने कार्य गरिएको ।
- नियमित रुपमा सम्पादन गर्नु पर्ने प्रशासनिक खर्च लगायतको कार्यहरु समयमा नै सम्पन्न गरिएको ।
- आ .ब. २०७६।७७ को बेरुजु फछ्यौटको प्रगति (रु हजारमा)

| | |
|---|---|
| कूल बेरुजु | १४,७१४,२०८.०० |
| हालसम्म फछ्र्यौट बेरुजु | २,०४,३०,६१.०० |
| फछ्र्यौट प्रतिशत | १३.८८% |

## ९ विकास सहायता समन्वय शाखा

| सि.नं. | सम्पादित कामको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | चीन सरकारको सहयोगमा सञ्चालित उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम अन्तर्गत चीनसँग सिमाना जोडिएका स्थानीय तहबाट पेश भएका योजनाहरु अर्थ मन्त्रालय मार्फत चीन सरकारलाई सिफारिश | २४ वटा | सिमाना जोडिएका २७ वटा स्थानीय तहमध्ये २४ वटाको मात्र माग प्राप्त |
| २ | वैदेशिक सहायतामा परिचालित आयोजनाहरुको वस्तुगत विवरण पुस्तिका प्रकाशन | १ वटा | मन्त्रालय अन्तर्गत सञ्चालित परियोजनाहरुको । |
| ३ | भारत सरकारको सहयोगमा सञ्चालित साना विकास परियोजना अन्तर्गत विभिन्न स्थानीय तहबाट पेश भएका योजनाहरु अर्थ मन्त्रालय मार्फत भारत सरकारलाई सिफारिश | २ वटा | - |
| ४ | विदेशका स्थानीय तह र नेपालका स्थानीय तहबीच भगिनी सम्वन्ध कायम गर्न सिफारिश | २ वटा | कमलामाई नगरपालिका र मेचीनगर नगरपालिका |

## १० योजना तथा अनुगमन शाखा

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्तर्गतका निकायहरुवाट सञ्चालन हुने आयोजनाहरुको विवरण तयार गरी राष्ट्रिय योजना आयोगको आयोजना बैंकमा प्रविष्टि गरिएको ।
- आ.व. ०७६/७७ को आर्थिक सर्वेक्षण र मन्त्रालयगत प्रगति विवरण तयार गरी अर्थ मन्त्रालयमा प्रेषित गरिएको ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

- आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम एवं वजेट कार्यान्वयन कार्ययोजनाको मासिक प्रगति प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको Online मा मासिक रुपमा प्रविष्टि गरिएको ।
- दोश्रो चौमासिक प्रगति समिक्षा तथा मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको वैठकका लागि प्रगति विवरण तयार गरिएको ।
- आ.व. २०७७/७८ को यस मन्त्रालयसँग सम्वन्धित नीति तथा कार्यक्रम र वजेट कार्यान्वयन, बार्षिक वजेट तथा कार्यक्रम र मध्यकालीन खर्च संरचना (आ.व. ०७७/७८ देखि ०७९/८०) तयार गरिएको ।
- यस मन्त्रालय अन्तर्गत आ.व. ०७७/७८ मा संघ, प्रदेश र स्थानीय तहवाट सञ्चालन हुने बार्षिक विकास कार्यक्रम तयार गरी पुस्तिका समेत प्रकाशित गरिएको ।
- आ.व. ०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र वजेट कार्यान्वयन कार्ययोजना तयार गरिएको ।
- राष्ट्रिय योजना आयोग तथा अन्य विषयगत मन्त्रालयवाट राय प्रतिक्रियाका लागि पठाइएका दीगो विकास लक्ष्य स्थानीयकरण, उपत्यका यातायात प्राधिकरण लगायत दस्तावेजमा राय पठाइएको ।
- स्थानीय तहको मध्यकालीन खर्च संरचनाको ढाँचाको प्रारम्भिक मस्यौदा तयार गरिएको ।
- यस मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यक्रमहरुको वजेट तथा कार्यक्रम संशोधन, रकमान्तर LMBIS प्रविष्टि, ठेक्का सम्झौताको म्याद थप, अपुग रकम माग लगायतका कार्यहरु गरिएको ।

## १० कर्मचारी कल्याण शाखा

- सरकारी कामको सिलसिलामा दुर्घटना परी घाईते भएका कर्मचारीहरुले प्राप्त गर्ने सेवा सुविधा सम्बन्धमा प्राप्त भएका फाईलहरुको आवश्यक कारवाही सम्पन्न गरिएको ।
- थप आर्थिक सहायता सम्बन्धमा प्राप्त भएका फाईलहरुको आवश्यक कारवाही सम्पन्न गरिएको ।

## ११ प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा

- नेपाल सरकारका ५ बटा निकायको व्यवस्थापन परिक्षण तथा सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न गरिएको ।
- प्रशासन पत्रिकाको १३२ औ अंक प्रकाशित गरिएको ।
- निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनलाई अनुदान रकम उपलव्ध गराईएको ।
- उच्च स्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समिति संगको सहयोग र समन्वयमा बार्षिक प्रतिवेदन प्रकाशित गरिएको ।
- संघीय निजामती सेवा नियमावली लगायतका यस शाखासंग सम्वन्धित निर्देशिका, मापदण्ड लगातका कानूनहरुको तर्जुमामाको कार्य अगाडि बढाईएको ।

- बिभिन्न संघ सस्था हरुबाट माग भई आए वमोजिम अनुदान रकम उपलव्ध गराईएको।

## १२ जनशक्ति योजना तथा विकास शाखा

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (Staff College) बाट संचालन हुने रा.प.प्रथम श्रेणीका कर्मचारीका लागी (SEDP) कार्यक्रममा सबै सेवा समूहबाट ज्येष्ठताका आधारमा र नव नियुक्त सह-सचिवज्यूहरुलाई अभिमुखीकरण तालिम दिने व्यवस्था गरिएको । त्यस्तै सोही प्रतिष्ठानबाट रा.प.द्वितीय श्रेणीका कर्मचारीका लागि संचालन हुने ACDM कार्यक्रममा यस मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरु र रा.प.तृतीय श्रेणीका कर्मचारीका लागि संचालन हुने PCDM कार्यक्रमका लागि कर्मचारी मनोनयन गरी सेवाकालिन तालिम प्रदान गर्ने व्यवस्था मिलाइएको ।
- सवारी चालक तालिम (कर्मचारी दक्षता वृद्धि तालम, प्रमाणपत्र दिने) यस मन्त्रालयका ३ जना उप-सचिव र २२ जना शाखा अधिकृत सहित कुल २५ जना अधिकृतस्तरका कर्मचारीहरुलाई सवारी चालक तालिम (कर्मचारी दक्षता वृद्धि तालिम, प्रमाणपत्र दिने) दिई प्रमाणपत्र वितरण गरीएको ।
- निजामती सेवाका राजपत्रांकित प्रथम, द्वितिय र तृतीय श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु पदपूर्तिका लागि लोक सेवा आयोगमा पठाईएको ।
- फिलिपिन्समा सम्पन्न ६५ औं ***EROPA Executive Council and conference*** मा यस मन्त्रालयबाट २ जना सह-सचिव र १ जना शाखा अधिकृत प्रतिनिधि सहभागि भएको ।
- विभिन्न विकास साझेदारको छात्रवृत्ति एवं निजि प्रयासमा बैदेशिक अध्ययनका लागि इच्छुक कर्मचारीहरुको अध्ययन पूर्व स्वीकृति र अध्ययन विदा सम्बन्धि कार्य सम्पादन गरेको ।
- निजामती सेवाका अधिकृतहरुलाई क्षमता विकासका लागि ***Japan Development Scholarship(JDS), Australian Awards, Korean government Scholarship*** लगायतका छात्रवृत्ति कार्यक्रमको लागि समन्वय र सहजिकरण गरिएको ।
- स्थानीय तहमा सिफारिस भई गएका कर्मचारीहरुलाई समायोजनका कारण नियुक्ति दिई फिर्ता भएका करिब २१३ जना कर्मचारीको व्यस्थापन गरेको ।

## १३ वढुवा शाखा

| क्र. सं. | कार्यक्रम र क्रियाकलाप | आ.व. ०७६/७७ | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य | | प्रगति | भौतिक प्रगति प्रतिशत | |
| | | परिमाण | इकाई | परिमाण | | |

| क्र. सं. | | कार्यक्रम र क्रियाकलाप | आ.व. ०७६/७७ | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | | प्रगति | भौतिक प्रगति प्रतिशत | |
| | | | परिमाण | इकाई | परिमाण | | |
| क) | | कार्यसम्पादन मूल्याङ्कन फाराम व्यवस्थापन | | | | | |
| | १ | कार्यसम्पादन मूल्याङ्कन फाराम अभिलेख व्यवस्थापन तथा प्रासिको जानकारी | १५००० | बटा | १५१२९ | १००.८६ | |
| | २ | कार्यसम्पादन मूल्याङ्कन फाराम कम्प्यूटर प्रविष्टि | १५००० | बटा | १५१२९ | १००.८६ | |
| | ३ | कार्यसम्पादन मूल्याङ्कन फाराम अङ्क रुजु तथा अभिलेख व्यवस्थापन | १५००० | बटा | १५०४१ | १००.२७ | |
| ख) | | बढुवा व्यवस्थापन | | | | | |
| | १ | दरखास्त फाराम कम्प्यूटरमा प्रविष्टि, योग्यताक्रम निर्धारण तथा व्यवस्थापन | ३००० | बटा | ३५९५ | ११९.८३ | विभिन्न पदहरुमा दरखास्त दिने संख्या लक्ष्य अनुमान भन्दा बढी परेकोले। |
| | २ | जिल्ला स्थित बढुवा समिति सचिवालय अनुगमन | १७ | पटक | ८ | ४७.०६ | कपिलवस्तु, रुपन्देही, दाङ्ग, पर्वत, ताप्लेजुङ्ग, खोटाङ्ग र डोटी। |
| ग) | १ | उजुरी तथा रिट व्यवस्थापन | ८० | बटा | १९ | २३.७५ | चालू आ. व. मा भएका विज्ञापनमा भएका बढुवा सिफारिस उपर १९ मात्र उजुरी परेकोले प्रगति कम देखिएको । |
| घ) | | बैठक संचालन तथा सूचना प्रकाशन | २५० | बटा | २५७ | १०२.८० | आ.व. २०७३।०७४ र २०७४।०७५ मा भएको विज्ञापनबाट सिफारिस नभएका तत्कालिन राजप्रसाद सेवाका सबै श्रेणीका उम्मेदवारहरुको सम्मानित सर्वोच्च अदालतको फैसला बमोजिम बढुवा सिफारिस गरिएकोले प्रगति बढी देखिएको। |
| | १ | राजपत्रांकित विशिष्ठ श्रेणीको रिक्त १७ पदको लागि बढुवा सिफारिस | | | १७ | | नेपाल प्रशासन सेवा क्लष्टर-११, नेपाल इन्जिनियरिङ्ग सेवा-५ र नेपाल कृषि तथा वन सेवा क्लष्टर-१ । |
| | २ | राजपत्रांकित प्रथम श्रेणीमा बढुवा सिफारिस | | | १३१ | | विभिन्न सेवा समूहका सिफारिस संख्या १३२ |

| क्र.सं. | | कार्यक्रम र क्रियाकलाप | आ.व. ०७६/७७ | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | | प्रगति | भौतिक प्रगति प्रतिशत | |
| | | | परिमाण | इकाई | परिमाण | | |
| | ३ | राजपत्रांकित द्वितीय श्रेणीमा बढुवा सिफारिस | | | २५६ | | विभिन्न सेवा समूका सिफारिस संख्या २५७ |
| | ४ | राजपत्रांकित तृतीय श्रेणीमा बढुवा सिफारिस | | | २२६ | | विभिन्न सेवा समूहका १२८ मध्ये सिफारिस संख्या १२५( कम्प्यूटर इन्जिनियर पद संख्या १३ मा सिफारिस नभएको |
| | ५ | राजपत्र अनङ्कित प्रथम श्रेणीमा बढुवा सिफारिस | | | ३२ | | विभिन्न सेवा समूहका सिफारिस संख्या ३२ |
| | ६ | राजपत्र अनंकित द्वितीय श्रेणीमा बढुवा सिफारिस | | | १ | | विभिन्न सेवा समूहका सिफारिस संख्या १ |

## १४ सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा

| क्र.सं. | वार्षिक कार्यक्रम | परिमाण | हालसम्मको प्रगति |
|---|---|---|---|
| १ | लैंगिक उत्तरदायी वजेट स्थानीयकरण सम्वन्धी कार्य (GRB) अन्य | ३ वटा | मिति २०७६/५/२१ गते बर्दिया जिल्लाको वार वर्दिया नगरपालिकामा लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण अभिमूखीकरण सम्बन्धी कार्य सम्पन्न । |
| २ | सामाजिक समावेशीकरण सम्वन्धी कार्यक्रम बारेमा थप संवैधानिक आयोगहरुसंग समन्वयात्मक वैठक | ६ वटा | यस कार्यक्रमको लागि संघीय मामिला माहाशाखा प्रमुखको संयोजकत्वमा वैठक वसी आयोगहरुसंग सम्वन्धित विषयहरुमा छलफल गरिएको ।<br>हालसम्म ३ वटा बैठक सम्पन्न भएको । |
| ३ | सामाजिक समावेशीकरण सम्वन्धि आवश्यक कार्यविधि, रणनीति, मापदण्ड निर्माण तथा परिमार्जन | | राष्ट्रिय सामाजिक समावेशीकरण नीति २०७६ को अन्तिम मस्यौदा तयार भईरहेको । |
| ४ | दीगो विकास लक्ष्य स्थानीयकरण सम्वन्धी कार्यक्रम | १ वटा | कार्यक्रमको लागि अवधारणा पत्र तयार भई स्वीकृत भइसकेको । |
| ५ | स्थानीय तहहरुको सामाजिक समावेशीकरण सम्वन्धी अभ्यासहरुको दस्तावेजीकरण | | कार्यक्रमको लागि अवधारणा पत्र तयार भई स्वीकृत भइसकेको । |
| ६ | ७ वटा प्रदेशको १/१ वटा स्थानीय तहमा लैससास परिक्षण गर्ने | ७ वटा | लैससास परिक्षण निर्देशिका पुनरावलोकनको कार्य PLGSP बाट भईरहेको । |

१५ आन्तरीक व्यवस्थापन शाखा

- आ.व. २०७७/७८ को लागि कार्यालय सामान सम्वन्धीको टेण्डरको सूचना प्रकाश भएको ।
- कम्प्युटर, प्रिन्टर, फोटोकपि मेशिन लगायतको सामानहरुको मर्मत सेवा करारमा लिने सम्बन्धी शिलबन्दी कोटेशनको सूचना प्रशाशन भएको ।
- बिजुली, टेलिफोन, भ्याकुम क्लिनर, ए.सि. लगायतको सामानहरुको मर्मत सेवा करारमा लिने सम्बन्धी शिलबन्दी कोटेशनको सूचना प्रशाशन भएको ।
- मन्त्रालय परिसर सरसफाइ सम्बन्धी सेवा करारमा लिने कामको सम्झौता नविकरण भएको।
- समयमै दर्ता भएका तर विभिन्न कारणले मूल्यांकन गर्न छुट कार्यसम्पादन मूल्यांकनको हालवाला मूल्यांकनकर्तावाट मूल्यांकन भएको।
- समयमै दर्ता भएका तर विभिन्न कारणले मूल्यांकन गर्न छुट कार्यसम्पादन मूल्यांकनको हालवाला मूल्यांकनकर्तावाट मूल्यांकन गर्नको लागि विभिन्न मन्त्रालय/कार्यालयवाट सहमतीको लागि माग भइ आएकोमा सहमती प्रदान गरिएको ।
- यस मन्त्रालयले संचालन गर्ने सेवा समूहका विभिन्न कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको अनिवार्य अवकाश राजिनामा स्वीकृतीको कार्य भएको।
- मन्त्रालय र अन्तर्गतको कार्यरत कर्मचारीहरुको आ.व. ०७४/७५ र आ.व. ०७५/७६ को मुल्यॉकन समय भन्दा ढिलागरी प्राप्त हुन आएका का.स.मू. को व्यवस्थापन सम्बन्धी काम गरेको ।
- अनिवार्य अवकाश, राजिनामा स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव पेश गरी स्वीकृति समेत भइसकेको ।
- कोभिड-१९ को सम्बन्धमा हटलाईन सेवा संचालन गरिएको ।

१६ संघीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | सहसचिव (सरुवा/पदस्थापन/बढुवा नियुक्ति/काज/कामकाज) | ३७८ |
| २ | उपसचिव (सरुवा/पदस्थापन/बढुवा नियुक्ति/काज/कामकाज) | ४५५ |

| | | |
|---|---|---|
| ३ | शाखा अधिकृत(सरुवा/पदस्थापन/बढुवा नियुक्ति/काज/कामकाज) | २५३ |
| ४ | ना.सु. (सरुवा/पदस्थापन/बढुवा नियुक्ति/काज/कामकाज) | २५५ |
| ५ | खरिदार (सरुवा/पदस्थापन/काज/कामकाज) | २३० |
| ६ | कार्यालय सहयोगी (सरुवा/पदस्थापन) | २०२ |
| ७ | मन्त्रिपरिषद्मा प्रस्ताव पेश | ५ |
| ८ | बेतलबी बिदा स्वीकृत | १ |
| ९ | नयाँ नियुक्ति/ सरुवा/पदस्थापन/बढुवा नियुक्ति/काज/कामकाज सम्बन्धी तथ्याङ्क अद्यावधिक | १७७३ |
| १० | सरुवा सहमति | २९ |
| ११ | विविध | १२ |

## १७ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

- प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम (PLGSP) स्वीकृत भई कार्यन्वयनको थालनी भएको ।
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, LDTA लाई पुनर्संरचना गरि प्रादेशिक सुशासन केन्द्रमा रुपान्तरण गर्नकालागि कानूनी दस्तावेजको मसौदा तयार गरिएको ।
- आ.व २०७६/७७ र ७७/७८ को लागि बार्षिक रणनीतिक योजना र अनुगमन योजना तयार गरिएको ।
- १४ स्थानीयतहरूको संथागत स्वः मुल्यांकन प्रणाली,LISA परिक्षणको क्रममा आएका सुझाबहरुको समिक्षा गरि सुधार गरिएको साथै साझेदार संस्थाद्वारा LISA कार्यान्वयन गरिएको ।
- पटक पटक गरी ६९७ स्थानीय तहमा कार्यरत ICT अधिकृतहरुको करार नाबिकरणगरि सुचना प्रविधिको सेवालाई निरन्तरता दिइएको ।
- ७ प्रदेशमा प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाईहरुको विधिवत स्थापना भएको ।
- बार्षिक रणनीतिक कार्ययोजना २०७६/७७ तयारी भएको ।
- स्थानीय तहको लागि क्षमता अबिब्रिद्धि योजनाको नमुना तयारी भएको ।
- कार्यक्रमको लागि आवश्यक करारका कर्मचारी भर्नागर्ने कार्य जारि रहेको ।

- स्थानीय तहबाट कोभीड-१९ सम्बन्धि सुचना संकलनगर्न इन्टरनेटमा आधारित प्रणालीको (CMIS) बिकास गरिएको ।
- ७ प्रदेशमा प्रादेशिक समन्वय परिषदको बैठकहरु सम्पन्न भएको ।
- प्रदेश तथा स्थानीय सरकारका लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिकाको मस्यौदा तयारि भएको ।
- २९ पटक प्रादेशिक सरकारी निकायहरुका कर्मचारीलाई वेबसाइट संचालन सम्बन्धि तालिम प्रदान गरिएको ।

## १८ तराई-मधेश समृद्धि कार्यक्रम

| सि.नं. | लक्ष्य | प्रगति |
|---|---|---|
| १ | आर्थिक वर्ष २०७६/७७ को लागि स्वीकृत आयोजना/कार्यक्रमहरुको अनुगमन मूल्यांकन गर्ने। | तराई-मधेशका २२ जिल्लाका २१३ स्थानीय तहहरुमा कार्यान्वयनमा रहेका ४३२ वटा आयोजनाहरुको अन्तिम प्रगति विवरण संकलन गरिँदै । |
| २ | आर्थिक वर्ष २०७७/७८ को लागि आयोजना/कार्यक्रमहरु माग गर्ने। | मिति २०७६/१०/२८ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा आयोजना माग/प्रस्तावका लागि सूचना प्रकाशित गरी २०७६ फागुन मसान्तसम्म माग/प्रस्तावहरुको संकलन गरिएको । |
| ३ | आर्थिक वर्ष २०७७/७८ को लागि स्थानिय तहहरुबाट माग भइ आएका आयोजना/कार्यक्रमहरु छनौट तथा स्वीकृत गर्ने । | प्राप्त भएका २५१७ आयोजना/कार्यक्रमहरुको माग/प्रस्तावहरु उपर छलफल गरी आयोजना छनौट समितिबाट आ.व. ०७७/७८ का लागि छनौट भई आएका आयोजना/कार्यक्रमहरुमध्येबाट केन्द्रीय निर्देशक समितिको मिति २०७७-०१-३० को निर्णयानुसार तराई-मधेशका २२ जिल्लाका २७७ स्थानीय तहहरुका जम्मा ५६८ वटा आयोजनाहरु स्वीकृत भएको । |

### स्वीकृत आयोजना/कार्यक्रमको क्षेत्रगत बाँडफाँड

| आयोजनाको क्षेत्र | आयोजनाको सख्या | केन्द्रीय अनुदान रकम |
|---|---|---|
| क. सामूहिक अवास | ५४ | २३२,८००,००० |
| ख. सडक | ८९ | २८६,२००,००० |
| ग. सामुदायिक पुर्वाधार | २५९ | ७५८,२००,००० |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| घ. कृषि विकास | १७ | ४७,५००,००० |
| ङ. खानेपानी तथा सरसफाई | ८ | २३,५००,००० |
| च. सिचाई | ३० | ९४,०००,००० |
| छ. विपद व्यवस्थापन | ८ | २२,०००,००० |
| ज. पारम्परिक पेशा प्रवर्द्धन कार्यक्रम | १०३ | ३४,०००,००० |
| **कूल आयोजना संख्या** | **५६८** | **१,४९८,२००,०००** |

## १०. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नामर पद

| | |
|---|---|
| प्रमुख | सचिव श्री सूर्यप्रसाद गौतम |
| प्रबक्ता | सहसचिव श्री बसन्त अधिकारी |
| सूचना अधिकारी | उपसचिव श्री अनुनय बाँस्तोला |

## ११.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अदध्यावधिक विवरण

आ व २०७६।७७ को बजेट र २०७७ असार मसान्त सम्म को खर्च भएको प्रगति (रु हजारमा)

| सि.नं. | आयोजना/कार्यक्रमको नाम | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुजीगत | जम्मा | चालु | पुजीगत | जम्मा | चालु | पुजीगत | जम्मा | |
| १ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | 429,731 | 21,900 | 451,631 | 211,849 | 6,859 | 218,708 | 49 | 31 | 48 | |
| २ | अतिरिक्त समूह | 96,100 | - | 96,100 | 99,093 | - | 99,093 | 103 | #DIV/0! | 103 | |
| ३ | संघीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | 8,400 | - | 8,400 | 1,729 | - | 1,729 | 21 | #DIV/0! | 21 | |
| ४ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | 9,902,500 | - | 9,902,500 | 8,623,429 | - | 8,623,429 | 87 | #DIV/0! | 87 | |
| ५ | जिल्ला समन्य समितिको कार्यालयहरु | 982,569 | - | 982,569 | 774,029 | - | 774,029 | 79 | #DIV/0! | 79 | |
| ६ | बहुक्षेत्रीय पोषण कार्यक्रम | 559,800 | - | 559,800 | 211,128 | | 211,128 | 38 | #DIV/0! | 38 | |
| ७ | तराई मधेश समृद्धि कार्यक्रम | 18,300 | 1,000 | 19,300 | 12,421 | 28 | 12,449 | 68 | 3 | 65 | |
| ८ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | 979,700 | 520,300 | 1,500,000 | 261,503 | 12,321 | 273,824 | 27 | 2 | 18 | |
| ९ | हिमाली-क्षेत्र जीविकोपारजन सुधार कार्यक्रम | 1,000,000 | - | 1,000,000 | - | - | - | - | #DIV/0! | - | |
| १० | स्थानीय पूर्बाधार विभाग | 27,396 | 101,000 | 128,396 | 21,683 | 15,445 | 37,128 | 79 | 15 | 29 | |
| ११ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | 17,600 | 900 | 18,500 | 8,789 | 885 | 9,674 | 50 | 98 | 52 | |
| १२ | ग्रामीण सडक संन्जाल सुधार आयोजना | 101,000 | 5,371,200 | 5,472,200 | 72,508 | 2,452,940 | 2,525,448 | 72 | 46 | 46 | |
| १३ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | 24,300 | 2,249,400 | 2,273,700 | 21,284 | 1,727,346 | 1,748,630 | 88 | 77 | 77 | |
| १४ | ग्रामीण पहुंच कार्यक्रम | 25,600 | - | 25,600 | 18,402 | - | 18,402 | 72 | #DIV/0! | 72 | |
| १५ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना | 2,700 | 1,089,900 | 1,092,600 | 2,288 | 475,619 | 477,907 | 85 | 44 | 44 | |
| १६ | पूर्वी चितवन नदि व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | 8,300 | 15,500 | 23,800 | 3,286 | 15,497 | 18,783 | 40 | 100 | 79 | |
| १७ | राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम | 85,900 | 235,300 | 321,200 | 42,739 | 151,695 | 194,434 | 50 | 64 | 61 | |
| १८ | साना सिंचाई कार्यक्रम | 16,300 | 67,800 | 84,100 | 3,794 | 62,418 | 66,212 | 23 | 92 | 79 | |

| सि.नं. | आयोजना/कार्यक्रमको नाम | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुजीगत | जम्मा | चालु | पुजीगत | जम्मा | चालु | पुजीगत | जम्मा | |
| १९ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | 5,200 | 449,000 | 454,200 | 251 | 346,707 | 346,958 | 5 | 77 | 76 | |
| २० | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | 4,606,638 | 50,000 | 4,656,638 | - | - | - | - | - | - | |
| २१ | निजामति किताबखाना | 48,400 | 47,400 | 95,800 | 47,397 | 4,025 | 51,422 | 98 | 8 | 54 | |
| २२ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | 118,500 | 6,400 | 124,900 | 65,246 | 782 | 66,028 | 55 | 12 | 53 | |
| २३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | 225,000 | - | 225,000 | 225,000 | - | 225,000 | 100 | #DIV/0! | 100 | |
| २४ | अदिवादि जनजाती उथान राष्ट्रिय प्रतिष्ठान | 62,100 | 6,300 | 68,400 | 47,421 | 4,921 | 52,342 | 76 | 78 | 77 | |
| २५ | निजामति कर्मचारी अस्पलात विकास समिति | 319,800 | - | 319,800 | 276,782 | - | 276,782 | 87 | #DIV/0! | 87 | |
| | जम्मा | **19,671,834** | **10,233,300** | **29,905,134** | **11,052,051** | **5,277,488** | **16,329,539** | **56** | **52** | **55** | |

कुल बजेट- २९ अर्ब ९० करोड ५१ लाख ३४ हजार
कुल खर्च- १६ अर्ब ३२ करोड ९५ लाख ३९ हजार
चालु खर्च प्रतिशत : ५६
पूँजिगत खर्च प्रतिशतः ५२
कुल खर्च प्रतिशतः ५५

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## १२. मन्त्रालयको वेभसाईट

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइटः www.mofaga.gov.np

## १३. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण

मन्त्रालयका अधिकांश परिपत्र र सूचनाहरु मन्त्रालयको वेवसाईट www.mofaga.gov.np मा नियमित प्रकाशन हुने गरेको, प्रत्येक स्थानीय तहको छुट्टाछुट्टै पोर्टल निर्माण गरि स्थानीय तहको पोर्टलमा समेत पठाउने गरिएको साथै विभाग, समिति, प्रतिष्ठान र स्थानीय तहहरुका सूचनाहरु तत् तत् निकायहरुमा प्रकाशित हुने गरेको छ।

## १४. मन्त्रालय/नियकायमा परेको सूचना माग सम्बन्धी निवेदन

आ.ब. २०७६/७७ मा प्राप्त सूचना माग सम्बन्धि निवेदन २२ वटा मध्ये १९ वटाको सूचना उपलब्ध गराइएको र ३ वटा प्रक्रियामा रहेको ।

## १५. मन्त्रालयले गरेका सूचना सम्वन्धि थप कामहरु

स्थानीय तहको पोर्टल विस्तार तथा सूचना संप्रेषण सम्वन्धमा देहायका कार्यहरु भएकोः

- ७५३ स्थानीय तहहरुलाई आन्तरिक संचारको लागि Mofaga पोर्टल विकास गरि वेवसाईट संग आवद्ध गरिएको ।
- आन्तरिक संचारको लागि बल्क ईमेल तथा वेव एसएमएस सिस्टम विकास गरि वेवसाईटसंग आबद्ध गरिएको ।
- ७५३ वटै स्थानीय तहहरुलाई Zoom Meeting सफ्टवेयरको License उपलव्ध गराईएको )UNDP को सहयोगमा प्राप्त। (
- पोर्टल संचालनका लागि ७५३ स्थानीय तहका सूचना प्रविधि अधिकृतलाई Zoom मार्फत तालिम प्रदान गरिएको ।
- पोर्टल संचालनको लागि ७५३ स्थानीय तहहरुलाई User Name र पासवर्ड उपलव्ध गराई सम्वन्धित स्थानीय तहको वजेट विवरणपालिकाको सम्पर्क विवरण ,प्रमुख प्रशासकीय अधिकृतको विवरण , अध्यावधिक गराउने कार्य शुरुवात गरिएको ।
- Zoom मार्फत विभिन्न स्थानीय तहहरुसंग Online Meeting तथा अन्तर्क्रिया गरिएको ।
- सूचना आदान प्रदानको लागि स्थानीय तह र मन्त्रालय विच दोहोरो सम्पर्कको माध्यम बनाउन आवश्यक कार्य भईरहेको ।

## १६. मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन

नियमित प्रकाशन गर्ने गरेको छ ।

## १७. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण

वर्गीकरण नभएको ।

नोटः प्रस्तुत विवरण सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंको वेवसाइट www.mofaga.gov.np मा समेत हेर्न सकिन्छ ।